जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुन सक्छ ।
- सावधानीपूर्वक सवारीसाधन चलाऔं ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ती बालेर मात्र सवारीसाधन चलाऔं ।
- सवारीसाधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शङ्का लागेमा प्रहरीको निश्शुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ पुस २२ गते शुक्रवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 January 06 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२९

## निकुञ्जले लगाएको विद्युतीय तारबार मर्मत सम्भार भएन

## किसानहरू रातभर जाग्राम बस्दै, जङ्गली जनावरको आतङ्क बढ्दो

ओमप्रकाश चौधरी, सेढवा, २१ पुस/

पर्सा जिल्लाको वनजङ्गलसँग जोडिएका गाउँपालिकाका किसानहरू जङ्गली जनावरका कारण चीसोमा पनि रातभर जाग्राम बस्न बाध्य छन् । अकवनियालगायतका किसानहरूलाई पनि जङ्गली जनावरबाट बाली जोगाउन समस्या भएको छ। पर्सा राष्ट्रिय निकुञ्ज र राष्ट्रिय जङ्गलबाट आउने चित्तल, हरिण, नीलगाई, घोडगदाहा, बँदेल, शीतलहरसँगै बढेको चीसोमा रातभर जाग्राम बस्न बाध्य भएको किसान कम्करले बताए ।

यी क्षेत्रमा खेती गरेका करीब तीन दर्जनभन्दा बढी किसान रातिपख जाग्राम



जङ्गली जनावरबाट बालीलाई जोगाउन किसानले बनाएको अस्थायी निवास स्थान । तस्वीरः प्रतीक

जिल्लाको पश्चिमउत्तर क्षेत्र जीराभवानी गापाको सखुवनिया, हरैया, काठमाडौंटोल, शान्तिनगर तथा ठोरी गापाका क्षत्रीलाइन, गडुवालाइनलगायतका ठाउँमा खेतीपाती गर्दै आएका किसानहरू जङ्गली जनावरहरूबाट बढी पीडित छन् । यसैगरी, पटेर्वासुगौली गापाको भथौडा, भाथा, रङ्गपुर, सोनवर्षा, सखुवाप्रसौनी गापाका औराहा, छतिवन, भालु, शाही मयूरलगायतका जनावरहरूले किसानले लगाएको बाली नष्ट गर्दै आएको जीराभवानी गापा–५ सखुवनियाका किसान सुदामा महतो कम्कडले बताए । दर्जनौंको सङ्ख्यामा आउने जङ्गली जनावरहरूले गहुँ, आलु, तोरीलगायतका बालीमा क्षति पुऱ्याउने गरेको उनले बताए। जङ्गली जनावरहरूबाट बाली जोगाउन किसानहरूले रूखमा मचान अनि खेत खलियानमा झुपडी बनाइ अहिलेको बस्दै आएका छन् । उनीहरू जङ्गली जनावरको बथान खेतमा आउँदा टिन ठटचाउने, हल्लीखल्ली गर्ने र राँको बालेर लखेट्ने कार्यमा सक्रिय छन्। जीराभवानी गापा–५ हरैया निवासी जलकपुर राउत थारूले रातभर टर्च र लोरो लिएर चीसोमा घुरको आगो ताप्दै बालीको रखवाली गर्नुपरेको बताए। उनले बाली नलगाउँदा पेट भर्न समस्या, बाली लगाउँदा जङ्गली जनावरबाट जोगाउन समस्या खेप्नुपरेको बताए । उनले पेट पाल्ने एकमात्र उपाय खेतीबाली नै भएको बताउँदै ज्यान जोखिममा पारेर पनि बालीको रखवाली गर्नुपरेको बताए। उनले दिनभरि जङ्गली जनावरहरू कम आउने तर साँझ पर्नासाथ खाना लिएर छाप्रो, मचानको वास बस्नुपरिरहेको बताए ।

ठोरी गापा–५ क्षत्रीलाइन, गडुवालाइन क्षेत्रमा किसानहरूले जङ्गली जनावरको आतङ्कबाट छुटकारा पाउन सुर्तीखेती गरिरहेका छन् । सुर्तीखेतीमा जङ्गली जनावरले क्षति नपुऱ्याउने भएरै यहाँका किसानहरू सुर्तीखेतीतर्फ आकर्षित भएपनि अहिले उनीहरू भने बाँदर आतङ्कको सामना गरिहेका छन् । सुर्तीखेतीलाई भने बाँदरको झुन्ड आएर क्षति पुऱ्याउने गरेको स्थानीय किसानहरूले बताए । सुर्तीखेतीसँगै तोरीखेतीलाई पनि जङ्गली जनावरहरूले खाँदैनन् तर उनीहरूले तोरीखेतीलाई भने माडेर नोक्सान पुऱ्याउने गरेको एकजना किसानले बताए । तोरीखेतीलाई सबैभन्दा बढी मयूरले क्षति पुऱ्याउने गरेको छ । तोरीखेती भएको क्षेत्रमा मयूरको बथान आउने र क्षति पार्ने गरेको किसानहरूले बताए ।

पर्सा राष्ट्रिय निकुञ्जले जङ्गलसँग जोडिएका बस्ती र खेतीबालीलाई जङ्गली जनावरबाट जोगाउनका लागि निकुञ्ज क्षेत्रलाई विद्युतीय तारबारले घेरेको छ। तर विद्युतीय तारबार बिग्रिएको र त्यसको मर्मत सम्भार नभएकोले जङ्गली जनावर आउने क्रम रोकिएको छैन । विभिन्न स्थानमा लगाइएको विद्युतीय तारबार झाँडीहरूका कारण बिग्रिएर विद्युत् सप्लाई अवरोध भएको र मर्मत सम्भार नभएकोले सो सेवा सञ्चालन हुन सकेको छैन ।

स्थानीय पालिकाले पनि किसानलाई राहत प्रदान गर्न निकुञ्जलाई विद्युतीय तारबार सक्रिय बनाउन दबाब पनि दिएको छैन भने आफैंले मर्मत सम्भार पनि गरिदिएको छैन ।

## इनर्वामा जनावरको हड्डी भण्डार

## स्थानीयवासीलाई गन्हाएर समस्या

प्रस, वीरगंज, २१ पुस/

कबाडको नाउँमा अहिले जनावरका हड्डी तस्करी भइरहेको वीरगंज महानगर–१६ इनर्वावासीले बताएका छन्।

नेपालमा कबाडका सामानको खपत नभएकाले स्थानीय सुरक्षाकर्मीहरूले कबाडका सामानहरू भारत लैजाँदा खासै ध्यान दिंदैनन् । तर पछिल्लो समयमा कबाडका नाममा तस्करहरूले जनावरका हड्डी तस्करी गरिरहेको इनर्वावासीले बताए ।

भारतीय सीमासँग जोडिएको यो बस्तीमा सीमापारि भारत लैजानका लागि जनावरको हड्डी भण्डार गरिने र चीसोमा पनि डुङ्डुङ्ती गन्हाइरहेको बताएका छन् । स्थानीयवासीले ट्रकमा जनावरका हड्डी भण्डार हुने र भारत पुऱ्याउने गरेको बताए छन् । उनीहरूले भण्डार गरिएको क्षेत्र गन्हाएर बसिनसक्नुभएको र यसबारेमा स्थानीय प्रहरीलाई जानकारी गराए पनि कुनै सुनवाइ नभएको बताए ।

प्रहरीलाई गुनासा गर्नेहरूविरुद्ध तस्करहरूबाट डर, धाक, धम्की दिने कार्य भएकाले सूचना प्रहरीले चुहाउने गरेको पनि उनीहरूले आरोप लगाएका छन् । यसबारेमा पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले आफूसम्म यस प्रकारका गुनासा नगरिएको बताए। उनले सम्बन्धित प्रहरी चौकीसँग यसबारेमा बुझेर गलत भएको रहेछ भने रोकिने बताए ।

## चीसोसँगै वनविनाश पनि तीव्र

प्रस, पर्सागढी, २१ पुस/

चीसो बढेसँगै पर्सामा वनजङ्गलको तस्करहरू पनि वन फँडानीमा सक्रिय हुने गरेका छन् । घरायसी प्रयोजनका



जङ्गलबाट साइकलमा दाउरा लग्दै एकजना बालक । तस्वीरः प्रतीक

फँडानी बढेको छ ।

चीसोमा सबैभन्दा बढी वनजङ्गलको क्षति हुने गरेको छ ।

चीसोका कारण ज्याला मजदूरी गर्नेहरूले काम नपाउने, विद्यालयहरू बन्द भएर बालबालिकाहरू घरमा बस्ने र घरमा रहेका महिला, पुरुषहरू पनि चीसोबाट जोगिन दाउरा कटान गर्न वनजङ्गल पस्ने गर्छन् ।

चीसो मौसमको फाइदा उठाउँदै लागि वनकर्मीहरू अलि उदार हुने गरेका कारण यसको बढी फाइदा तस्करहरूले लिने गरेका छन् ।

अहिले वनजङ्गल क्षेत्रका मानिसहरू घरायसी प्रयोजनका लागि दाउरा सङ्कलन गर्न, चौपाया पशुका लागि रूखको हाँगा लिनका लागि वनजङ्गल पस्ने गरेका छन्। चीसोमा वन गस्ती पनि कम हुने भएकोले तस्करहरू अहिले बढी सक्रिय भएको स्थानीयले बताए ।

## एचआइभी सङ्क्रमित बढेकामा सरोकारवालाहरू चिन्तित

प्रस, वीरगंज, २१ पुस/

एपेक नेपाल एचआइभी रोकथाम उपचार हेरचाह तथा सहयोग सेवाको



तस्वीरः प्रतीक

सहकार्यमा सहयात्री समाज नेपालको आयोजनामा बुधवार वीरगंजमा सरोकारवालाहरूको बैठक सम्पन्न भएको छ ।

बैठकमा अहिलेसम्म एचआइभी सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएको भनी सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन् ।

उनीहरूले अन्य मुलुकमा बसेका नेपालीहरू सङ्क्रमित भएपछि नेपाल फर्काउने र खासगरी भारतबाट यस्ता सङ्क्रमित आउनेहरूको सङ्ख्या बढी देखिएको बताए । स्थानान्तरण भएर आएका व्यक्तिहरूले एचआइभी सङ्क्रमण लिएर आउने गरेको र तिनीहरूबाट घरपरिवारका व्यक्ति सङ्क्रमित हुने गरेको तथ्याङ्कबाट देखिएको दाबी गरे ।

उनीहरूले सन् २०२१ को प्रतिवेदन अनुसार जनसङ्ख्याको तीन प्रतिशत एचआइभी सङ्क्रमित देखिएको र यो सङ्ख्या चार वर्षअघिको तथ्याङ्कभन्दा बढेको बताए । सन् २०१६ को प्रतिवेदन अनुसार नेपालमा कुल जनसङ्ख्याको २.५६ प्रतिशत मात्र सङ्क्रमित थिए । अहिले विभिन्न सङ्घसंस्थाहरू यो क्षेत्रमा कार्यरत रहेका र सरकारले पनि चासो देखाउँदा सङ्ख्या घट्नुको साटो बढेकामा चिन्ता व्यक्त गरे । उनीहरूले सचेतना कार्यक्रमलाई आगामी दिनमा अझ बढी सशक्तरूपमा अगाडि बढाउन सुझाए ।

वीरगंज महानगरपालिका स्वास्थ्य महाशाखाकी रञ्जना पडित, स्वास्थ्य कार्यालय, पर्साका प्रमुख नवलकिशोर साह, नारायणी अस्पतालका मेडिकल अधिकृत डा अजितकुमार साह, डा रितेश राउतलगायतले सङ्क्रमितहरूले रोग लुकाउने गर्दा पनि सङ्क्रमण अझै बढेको बताए।

उनीहरूले सङ्क्रमितहरूलाई रोगबारे जानकारी गराउन र नाम गोप्य राखेर उपचार गरिने भएकोले रोग नलुकाउन आग्रह गरे ।

एचआइभी सर्ने विभिन्न माध्यमहरू भएकाले त्यसका लागि गलती गरेकै हुनुनपर्ने र समाजको पनि सङ्क्रमितहरूलाई हेर्ने नजरिया परिवर्तन

(बाँकी अन्तिम पातामा)

## पोखरिया नगरपालिकामा प्रक्रिया मिचेर जेनेरेटर खरीद

## मेरो मौखिक आदेशमा खरीद भएको हो –नगरप्रमुख चौहान

प्रस, वीरगंज, २१ पुष/

पोखरिया नगरपालिका कार्यालयले आर्थिक ऐनविपरीत आफूखुशी जेनेरेटर खरीद गरेको छ ।

सूचना प्रकाशन गरी बजार दरभन्दा बढीमा जेनेरेटर खरीद गरिएको आरोप जनप्रतिनिधिहरूको छ। जेनेरेटर खरीदका लागि प्रक्रिया पूरा नगरिएको र ६२.५ केभीको जेनेरेटर सात लाख रुपैयाँमा खरीद गरिएको जनप्रतिनिधिहरूले बताए। उनीहरूले कार्यालयले सूचना प्रकाशित गरेर सामान खरीद गर्नुपर्नेमा सो प्रक्रिया पूरा नगरिएको र गुपचुप जेनेरेटर खरीद गरिएकोले आर्थिक अनियमितता भएको आरोप लगाएका छन् ।

कार्यालयले सूचना प्रकाशित नगरी विनाप्रतिस्पर्धा जेनेरेटर खरीद गरेको सार्वजनिक भएपछि बुधवारदेखि कार्यालयमा जनप्रतिनिधिहरूबीच आरोप–प्रत्यारोप शुरू भएको एकजना कर्मचारीले बताए । एकथरी जनप्रतिनिधि जेनेरेटर



पोखरिया नपाले खरीद गरेको जेनरेटर । तस्वीरः प्रतीक

खरीदको पक्षमा र अर्कोथरी जनप्रतिनिधि सोको विरोधमा छन् ।

घटनाबारे प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियारसँग बुझ्दा उनले विद्युत् आपूर्ति अनियमित हुँदा कार्यालयको काममा समस्या भएको र सूचना प्रकाशित गरेर सामान खरीद गर्न लामो समय लाग्ने भएकोले हतारमा खरीद गर्नुपरेको बताए। उनले खरीद गरिएको जेनेरेटरको वास्तविक मूल्य आइनसकेको र बिल आएपछि सार्वजनिक गरिने बताए ।

नगरप्रमुख प्रद्युम्न चौहानले दैनिक विद्युत् आपूर्ति अवरोध भइरहेको र सेवाग्राहीको काममा ढिला हुने गरेकोले आफ्नो मौखिक आदेशमा जेनेरेटर खरीद गरिएको बताए । उनले पोखरिया नगरपालिकाका सबै कार्य अहिले विद्युतीय माध्यमबाट हुने गरेको र जेनेरेटरको अभावमा विद्युत् सप्लाई निरन्तर नहुँदा समस्या भएकोले प्रक्रिया मिचेर जेनेरेटर खरीद गर्नुपरेको सफाइ दिए ।

## विचारसार र सूक्तिहरू

**परिवर्तनविना प्रगति सम्भव छैन र जसले आफ्नो सोच बदल्न सक्दैन, उसले कुनै पनि परिवर्तन गर्न सक्दैन ।**

**–बर्नार्ड शा**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: eprateekdaily.com


# इन्धनको विकल्प खोजौं

**हाम्रो मुलुक आयातीत ऊर्जामा निर्भर छ। ऊर्जा आयात ठप्प हुँदा मुलुक नै ठप्प हुने अवस्थमा हामी छौं । इन्धनको मूल्यवृद्धि हुँदा हाम्रो दैनिक उपभोग्य वस्तुलगायत सम्पूर्ण अति आवश्यकीय सामग्रीहरूमा मूल्यवृद्धि हुन्छ । रूस र युक्रेनबीचको युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढ्दै गयो । त्यसको प्रत्यक्ष मार हामीले भोगिरहेका छौं। इन्धनको मूल्य बढ्दै गएपछि व्यापार घाटा बढेर देशलाई प्रत्यक्ष असर पर्छ। मूल्यवृद्धिको कारण नेपाल आयल निगम आर्थिक सङ्कटमा पुगेको धेरै भयो । उसले सोही कारण देखाउँदै अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य घट्दासमेत यहाँ घटाउन आनाकानी गर्ने गरेको छ। बितेका दुई वर्षदेखि अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढेकाले त्यसको प्रत्यक्ष प्रभाव हाम्रो स्थानीय बजारमा पर्न गयो । हाम्रो मुलुकले आयात गर्ने वस्तुहरूमा इन्धन पहिलो नम्बरमा पर्छ। मुलुकले वार्षिक करीब तीन खर्ब रुपैयाँको इन्धन आयात गरिरहेको छ। यसले व्यापार घाटा वृद्धिको लागि ठूलो भूमिका खेलिरहेको हुँदा देशको अर्थतन्त्रलाई गम्भीर असर पारिरहेको छ।**

**इन्धन खपत घटाउनका लागि बेलाबखत सरकारले विभिन्न उपायहरू पनि अपनाउँदै आएको छ । जोरबिजोर प्रणाली, कर्मचारीलाई हप्तामा दुई दिन बिदा, साइकल प्रयोगलगायतका उपायहरू अपनाइए, तर त्यसले इन्धन खपतको अनुपातलाई खासै फरक पार्न सकेको देखिएन। हामीले आयातीत इन्धनको खपत साँच्चि नै घटाउने हो भने उपाय अवलम्बनभन्दा पनि अब इन्धनको विकल्प खोजी हुनुपर्छ। इन्धन खपत घटाउन मुख्यतः विद्युतीय सवारीसाधनमा जोड दिनु जरुरी छ । त्यसैगरी, लोडसेडिङ घटाएर औद्योगिक क्षेत्रमा प्रयोग हुने इन्धन घटाउन सकिन्छ । यसका लागि बिजुली उत्पादन बढाउनुपर्छ । विद्युतीय सवारीसाधनको प्रयोगमा सरकारीस्तरबाट नागरिकलाई प्रोत्साहित गरिने अभियान सञ्चालन गर्नुपर्छ। सबैभन्दा धेरै इन्धन खपत सवारीसाधनमा हुने हो । विद्युत् उत्पादन बढाएर विद्युतीय सवारीसाधनमा जोड दिइयो भने इन्धनको खपत कम गर्न सकिन्छ। सार्वजनिक सवारीलाई तोकिएको समयतालिका अनुसार तोकिएको रूटमा चलाउन बाध्यकारी व्यवस्था गरिनुपर्छ । यसले निजी सवारीसाधनको प्रयोग न्यूनीकरण गर्न सकिन्छ । मुख्य शहरहरूमा विद्युतीय बस, ट्रक सेवा सञ्चालन गरिनुपर्छ । पेट्रोलको ठूलो परिमाण मोटरसाइकलमा खपत भइरहेको देखियो । इन्धनवाला मोटरसाइकललाई बिस्तारै विस्थापित गर्दै विद्युतीय मोटरसाइकल प्रयोगमा जोड दिनुपर्छ। अनावश्यक सवारीसाधनको प्रयोग घटाउनलाई सरकारले स्पष्ट नीति तर्जुमा गरी सानाभन्दा ठूला सवारीलाई महत्त्व दिनु जरुरी छ ।**

**आयातीत इन्धन घटाउन विद्युत्को अलावा बायो ऊर्जातर्फ पनि ध्यान दिनु उचित हुन्छ। छिमेकी मुलुक भारतले जट्रोबाट बायो फ्युल उत्पादन गरेर इन्धनलाई प्रतिस्थापन गरिरहेको छ। त्यसैगरी, ग्रीन हाइड्रोजनको उत्पादनतर्फ मुलुक अगाडि बढ्नुपर्छ। हाम्रो मुलुकका सरकार सञ्चालकहरूले यसबारेमा बेलाबखत बोल्ने गरेको भए तापनि ठोस पहल भने हुन सकेको छैन । आयातीत इन्धनको तुलनामा ग्रीन हाइड्रोजन उत्पादन महँगो पर्ने भए तापनि स्वदेशी मुद्रा स्वदेशमा नै रहने, आफ्नै मुलुकका प्राविधिक एवं जनशक्तिका लागि रोजगार सिर्जना हुने र वातावरणमैत्री भएकोले देश घाटामा नजाने र आत्मनिर्भरतातर्फ पनि महत्त्वपूर्ण कदम हुनेछ ।**

# पोखरा विमानस्थल र बिआरआईको लगानी

स्वतन्त्र विचार




श्रीमन्नारायण

an_shriman@yahoo.com


**पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनको एक्जिम बैंकबाट झन्डै २२ अर्ब रुपियाँ वार्षिक दुई प्रतिशत ब्याजदरमा २० वर्षको लागि लिइएको हो। विश्व बैंक र अन्य दाता राष्ट्रहरूले ०.५ प्रतिशत तथा जापानले ०.०१ प्रतिशतमा ऋण उपलब्ध गराउँदै आएको छ।**

नेपालमा कम्युनिस्ट पार्टीको नेतृत्वको सरकार अस्तित्वमा आउने बित्तिकै यहाँ चिनियाँ प्रभाव बढ्ने आशङ्का गरिन्छ। दक्षिण छिमेकी भारत, अमेरिका र पश्चिमा देशहरूको यस आशङ्कालाई बल पुऱ्याउने काम अहिलेसम्मका वामपन्थी नेतृत्वको सरकारका क्रियाकलाप र निर्णयहरूबाट पनि पुष्टि हुँदै आएको छ। नवगठित गठबन्धन सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नो सरकारको व्यवहारले नै स्वतन्त्र, स्वाभिमानी एवं सन्तुलित परराष्ट्र नीति सञ्चालन गरेर देखाइदिने दाबी गरेको एक साता पनि बित्न नपाउँदै उत्तरी छिमेकी चीनका कार्यवाहक राजदूतको गैरकूटनीतिक अभिव्यक्तिले नेपालको सार्वभौमसम्पन्नतामाथि नै प्रश्नचिह्न उठाउने काम गरेको छ। यतिमात्र होइन उनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य पनि बिआरआई अन्तर्गत नै भएको सङ्केत गरेर बिआरआई सम्झौताबारे सरकारको धारणा सार्वजनिक हुनुपर्ने अवस्था उत्पन्न गरेका छन् । चीनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अनावश्यकरूपमा आफ्नो स्वामित्व दर्शाउनु कूटनीतिक हिसाबले आपत्तिजनक देखिएको छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटनका अवसरमा चिनियाँ कार्यवाहक राजदूत वाङ सिनले दिएको अभिव्यक्तिलाई कुनै पनि अर्थमा जायज ठहऱ्याउन सकिंदैन । प्रधानमन्त्रीकै उपस्थितिमा उनले वर्षौंदेखि यस परियोजनाको निर्माणमा सक्रिय समर्थन र बलियो सहयोगका लागि प्रधानमन्त्री प्रचण्ड र नेपाल सरकारलाई धन्यवाद दिन्छु भन्नुको औचित्य देखिंदैन। जबकि यो विमानस्थल चिनियाँ भूमिमा निर्माण भएकै छैन । चिनियाँ ऋणमा नेपालले आफैंले बनाएको हो । चिनियाँ ऋणमा चिनियाँ ठेकेदारले बनाएको भन्दैमा चीनले आफ्नो स्वामित्व दर्शाउनु किमार्थ उचित होइन। नेपालले ब्याजसहित तिनुपर्ने ऋण लिएर बनाएको विमानस्थलमा चीनले ऋण दिएकोमा बरु हामीले चीनलाई धन्यवाद दिनुपर्ने हुन्छ । तर चीनले नेपाललाई धन्यवाद दिने त यो विषय नै भएन। कुनै पनि सार्वभौमसम्पन्न राष्ट्र अर्को ऋणदाता (साहु राष्ट्र)को दास बन्न सक्दैन। नेपाल कदापि बन्दैन।

त्यतिमात्रै होइन, चिनियाँ कार्यवाहक राजदूत वाङ सिनले आफ्नो सम्बोधनकै क्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल चीनले नेपालसँगै बेल्ट एन्ड रोडलाई संयुक्त निर्माणका लागि उज्ज्वल व्यापार कार्ड बनेको हो भनेका छन् । एक किसिमले उनले यसलाई बिआरआई अन्तर्गतको परियोजना साबित गरेका छन्। जबकि पोखरा विमानस्थल बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) अन्तर्गत हुँदै होइन भन्ने नेपाली पक्षको दाबी छ। चीनसित हुने गरेको सन्धि–सम्झौता अपारदर्शी हुने गरेको आरोप विदेशमा पनि लाग्दै आएको छ। नेपालका ठूला राजनीतिक दलका नेताहरूले यसलाई बिआरआई अन्तर्गत नभएको बताउँछन् । चीनको तर्फबाट यस्तो टिप्पणी आउनुको कारण के होला ? सत्यतथ्य बाहिर आउनुपर्छ।

पोखरा विमानस्थलको निर्माण बिआरआई अन्तर्गत भएको चिनियाँ कार्यवाहक राजदूतको टिप्पणीले नेपालको राष्ट्रिय राजनीतिलाई समेत तताइदिएको छ । यसबारे नेपालका प्रायः सबैजसो ठूला राजनीतिक दलको धारणा प्रस्ट हुनु आवश्यक देखिएको छ।

नेपाली काङ्ग्रेसका नेता प्रकाशशरण महतले पोखरा विमानस्थल बनाउन चीनसँग भएको ऋण सम्झौता बिआरआई सम्झौताभन्दा अघि नै भएकोले यस अन्तर्गत राख्न नमिल्ने भनेका छन्। आफू नै परराष्ट्रमन्त्री हुँदा पोखरा विमानस्थलको ऋण सम्झौता हुँदा बिआरआई सम्झौता भएको नै थिएन, तसर्थ यसलाई किन र कसरी राखियो यसको जवाफ उनले खोजेका छन् । चीनले यसलाई बिआरआई अन्तर्गतको परियोजना भनेर अनावश्यक दाबी गरेको उनले आरोप लगाएका छन्।

नेकपा एमालेका नेता र पूर्वपरराष्ट्रनीति प्रदीप ज्ञवालीले पनि बिआरआईको सम्बन्धमा सरकारको स्पष्टता खोजेका छन् । बिआरआईको सम्बन्धमा नेपालको बुझाइ एकथरीको र चीनको अर्कोथरीको हुनुभएन। तसर्थ यसमा एकरूपता हुनु आवश्यक भएको उनको सुझाव छ।

चीनले यसअघि पनि नेपाललाई दिने सम्पूर्ण सहयोग बिआरआई अन्तर्गत हुने भन्दै आएको छ। बिआरआई फ्रेमवर्क अहिलेसम्म सार्वजनिक नभएकोले त्यसमा कस्तो व्यवस्था छ भन्न सकिने अवस्था रहेको छैन । चिनियाँ आफैंले सबै परियोजना बिआरआई अन्तर्गत भन्ने गरेको छ। आयोजना निर्माणमा चीनको कुनै पनि किसिमको सहभागिता हुने बित्तिकै स्वामित्व लिने गरेको छ। नयाँ सरकार गठनसँगै चिनियाँ सक्रियता बढेको हो र यो पनि त्यसकै परिणाम हो । नेकपा एमालेलगायतका दलहरूको सहयोग र समर्थनबाट नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा नयाँ सरकारको गठन भएको छ। उनी तेस्रोपटक देशको प्रधानमन्त्री भएलगत्तै अमेरिका, भारत र पश्चिमा सञ्चारमाध्यमहरूले नेपालमा अब चिनियाँ सक्रियता बढ्ने आशङ्का व्यक्त गर्दै आएका छन्। विगत तीन वर्षदेखि रोकिएको केरुङ–रसुवागढी–काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययनका लागि चिनियाँ प्राविधिक टोली नेपाल आइपुग्ने, चीनमा कोरोना महामारीको प्रकोप उत्कर्षमा रहेका बखत पनि सीमानाका खोलिनु र अब पोखरा विमानस्थलको निर्माण बिआरआई अन्तर्गत नै भएको चिनियाँ पक्षको दाबीले पनि केही हदसम्म यसको पुष्टि गर्ने गरेको देखिन्छ।

हुनत प्रधानमन्त्री पदको शपथ लिने बित्तिकै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नो सरकारले स्वतन्त्र एवं सन्तुलित परराष्ट्र नीतिको सञ्चालन गर्ने दाबी गरेका थिए । नेपालले असंलग्न परराष्ट्रनीतिलाई नै आत्मसात् गर्ने अपेक्षा रहेको छ।

बिआरआई चिनियाँ राष्ट्रपति सी जिनपिङको आर्थिक एवं राजनीतिक परियोजना हो। नेपालले पनि सन् २०१७ मे १२ मा यसमा हस्ताक्षर गरेको हो । नेपालले बिआरआई अन्तर्गत नौ आयोजना प्रस्ताव पनि गरेको छ। जसमा केरुङ–काठमाडौं रेलमार्ग, रातोमाटो–केरुङ ४०० केभी प्रसारण लाइन, कोशी–गण्डकी–कर्णाली इकोनोमिक करिडोर, मदन भण्डारी प्राविधिक शिक्षालय, किमाथाङ–हिले सडक, तमोर जलविद्युत् आयोजना, फुकोट जलविद्युत् परियोजना, गल्छी–रसुवागढी सडक स्तरोन्नति र दीपामल–चीन सीमा सडक हुन् । प्रस्तावित परियोजनामा विमानस्थल निर्माणको बारेमा उल्लेख नै छैन । उपरोक्त आयोजना ऋण, अनुदान वा सहुलियतपूर्ण ऋणमा कसरी बन्ने भन्ने पनि टुङ्गो लागेको छैन ? सम्झौता भएको पाँच वर्ष बितिसक्दा पनि बिआरआई कार्यान्वयनको चरणमा प्रवेश नै गरेको छैन तर एकैपटक पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण नै बिआरआई अन्तर्गत भएको भन्ने चिनियाँ कार्यवाहक राजदूतको टिप्पणीले जोकोही नेपालीलाई पनि आश्चर्यचकित बनाएको छ। ऋण लिएर पूर्वाधार बनाएकै भरमा चिनियाँ कूटनीतिज्ञबाट भएको व्यवहारले नेपाल र नेपालीलाई दुःखी बनाएको छ। हामी ऋण लिएर पूर्वाधार बनाउँछौं, ऋण तिर्छौं पनि तर त्यतिका भरमा राष्ट्रिय स्वाभिमान र अस्मितामाथि ऋणदाताबाट भएको अवमूल्यन राख्न सक्दैनौं। नेपाली अधिकारीहरूले पोखरा विमानस्थल बिआरआई अन्तर्गत निर्माण भएको भन्दै कुनै दस्तावेज नभएको प्रस्ट पारेका छन् । यस अवस्थामा चिनियाँ कूटनीतिज्ञबाट हठात् र आश्चर्यजनकरूपमा प्रकट अभिव्यक्तिले सन्देहसमेत उब्जाएको छ।

हालै राष्ट्रिय राजधानी काठमाडौंमा सेन्टर फर सोशल इन्कलुजन एन्ड फेडरेलिज्म नामक संस्थाद्वारा आयोजित एक अन्तर्क्रियामा पनि बिआरआईले नेपालमा पार्न सक्ने प्रभावको बारेमा श्रीलङ्का र बङ्गलादेशका विज्ञहरूको आआफ्नो देशको अनुभव साझा गर्दै हामीलाई सतर्क गरेका छन्। खासगरी बिआरआई अन्तर्गत प्रदान गरिने ऋणको ब्याजदर चर्को हुने गरेको र ऋण चुक्ता गर्ने अवधि कम हुने गरेकै कारण कतिपय देशहरूले समयमा ऋण चुक्ता गर्न नसकी आफ्नो देशको राष्ट्रिय गौरव र स्वाभिमानसँग जोडिएका कतिपय महत्त्वपूर्ण प्रतिष्ठानहरू पनि चीनलाई सुम्पिनुपरेको अथवा भाडामा दिने अवस्था आएको पाइएको छ।

अन्तर्क्रियामा सहभागी काउन्सिल फर पब्लिक पोलिसी श्रीलङ्काका हरिम वाट्सन पायरिसले आफ्नो देशको निम्ति बिआरआई उपयोगी साबित नभएको तथा ९९ वर्षको निम्ति हम्बनटोटा बन्दरगाह चीनलाई सुम्पिनुपरेको दुःखद अनुभव सुनाए। चिनियाँ ऋण समयमैं चुक्ता गर्न नसकेका कारण श्रीलङ्का २०१७ को डिसेम्बरमा हम्बनटोटा बन्दरगाह सुम्पिनुपरेको मुख्य कारण उच्च ब्याजदरमा चिनियाँ ऋण स्वीकार गर्नु तथा देशका शासक र राजनीतिक दलका नेताहरू भ्रष्टाचार र सत्तालिप्सामा लिप्त रहनु हो बताए । त्यसैगरी, सेन्टर फर पोलिसी डायलग बङ्गलादेशका तौफिकुल इस्लामले बिआरआई अन्तर्गत प्रदान गरिने ऋणको ब्याजदर चर्को हुने गरेको तथा ऋण चुक्ता गर्ने अवधि अपेक्षाकृत निकै कम हुने गरेका कारण विकासोन्मुख अथवा अल्पविकसित राष्ट्रहरूलाई यस्ता खाले ऋण चुक्ता गर्न सम्भव भइरहेको हुँदैन, तसर्थ ऋण काढनुपर्ने बेलामा नै सतर्कता अपनाउनुपर्ने सुझाव दिएका छन्।

बिआरआई अन्तर्गतको ऋणलाई जालको संज्ञा यस कारण दिएको छ कि ऋण लिएको देशलाई त्यसबाट उम्किन गाऱ्हो भइरहेको हुन्छ । कुनै पनि ऋण त्यति बेलामा नै जालमा परिणत हुन्छ, जब ऋण लिनेले समयमैं साहुलाई ब्याज चुक्ता गर्ने अवस्थामा पनि रहेको हुँदैन। ऋण काढ्नु ठूलो कुरा होइन तर लिइएको ऋणबाट सञ्चालनमा आएको परियोजनाको आयबाट आफ्नो अर्थव्यवस्थालाई सुधार गरी साहुको ऋण समयमैं चुक्ता गर्न सक्नुपर्छ । फेरि बिआरआई अन्तर्गतको ऋण सम्झौता अपारदर्शी पनि हुने गर्छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनको एक्जिम बैंकबाट झन्डै २२ अर्ब रुपियाँ वार्षिक दुई प्रतिशत ब्याजदरमा २० वर्षको लागि लिइएको हो । विश्व बैंक र अन्य दाता राष्ट्रहरूले ०.५ प्रतिशत तथा जापानले ०.०१ प्रतिशतमा ऋण उपलब्ध गराउँदै आएको छ । ऋणको रकम चीनले दिने, प्राविधिक, ठेकेदार र अधिकांश मजदूर पनि उसकै हुने, निर्माण कार्य सम्पन्न भएपछि त्यो आयोजना हामीलाई हस्तान्तरण हुने हो। अन्य देशमा पनि यस्तो हुने गर्छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणमा भएको लगानी अनुसारको आय अथवा प्रतिफल आएन भने देशलाई चिनियाँ ऋण चुक्ता गर्न कठिन हुनेछ । फेरि बिआरआईको ऋणलाई अनुदानमा पनि परिणत गर्ने काम हुँदैन। हाल त पोखरा विमानस्थलको निर्माण बिआरआई अन्तर्गत भएको हो कि होइन त्यसको स्पष्टता नै देशलाई चाहिएको छ।

# जाडोमा बालबालिकालाई ‘रोटा भाइरस’को डर

काठमाडौं, २१ पुस/रासस

चीसो मौसमसँगै बालबालिकामा ‘रोटा भाइरस’को सङ्क्रमण देखिने गर्दछ। जाडो मौसममा रुघाखोकी लाग्नासाथ यसैबाट ‘रोटा भाइरस’को सङ्क्रमण पनि हुन पुग्छ । यस्ता सङ्क्रमितलाई झाडापखाला लागेर अन्तमा ज्यान पनि जाने सम्भावना रहन्छ। कान्ति बाल अस्पतालका निर्देशक डा युवानिधि बसौला जाडोयामको सुरुआतसँगै बालबालिकामा ‘रोटा भाइरस’को सङ्क्रमण देखिने गरेको बताउँछन्।

धेरैजसो चीसोयाममा झाडापखालाबाटै रोटा भाइरसको सङ्क्रमण हुने गरेको उनको भनाइ छ। निर्देशक बसौलाका अनुसार चीसोयाममा रोटा भाइरस धेरै सक्रिय हुने र यसबाट बालबालिकालाई पखाला लाग्ने गर्दछ। कोल्ड डायरिया पनि भनिने रोटा भाइरसले सीधैं पेटमा असर गर्ने र पखाला लगाउने गर्छ।

“पखाला भएपछि बालबालिकाको दिसा पानीजस्तो हुन्छ,” उनी भन्छन्, “निरन्तर पानीजस्तो पातलो दिसा बगेपछि बालबालिकाको शरीरमा पानीको कमी हुने भएकाले पानी पूर्ति हुन नसके ज्यान पनि जान सक्छ।” निर्देशक बसौलाका अनुसार अस्पतालमा सन् २०१० देखि २०१६ सम्म पखाला लागेर भर्ना भएका पाँच वर्षमुनिका बालबालिकामा अध्ययन गर्दा ३८ प्रतिशतमा रोटा भाइरस देखिएको थियो।

धेरैजसो एक वर्षदेखि पाँच वर्षमुनिका बालबालिकालाई यस्तो सङ्क्रमण हुने गरेको पाइन्छ। जाडोमा बालबालिकालाई हुने झाडापखालाको ३० प्रतिशतभन्दा बढीमा रोटा भाइरसको सङ्क्रमण हुने गरेको छ। झाडापखालाबाट मृत्यु हुने बालबालिकामध्ये सबैभन्दा धेरै रोटा भाइरसकै कारण हुने जनाइएको छ । अस्पतालमा दैनिक एकदेखि दुईजनासम्म झाडापखालाका बिरामी आउने गरेका छन् । एक वर्षमुनिका बालबालिकामा यस भाइरसको सङ्क्रमण धेरै हुने गरेको छ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका बालरोग विशेषज्ञ डा जीतेन्द्र अमात्य जाडोयाममा देखिने यस रोगको मुख्य लक्षण

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ – उद्योग – वाणिज्य

# आर्थिक भ्रष्टाचार : नियन्त्रणका उपायहरू

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**आर्थिक भ्रष्टाचार नियन्त्रण गर्ने सर्वाधिक प्रभावकारी व्यवस्था असल शिक्षा र संस्कृतिद्वारा जनजनमा चेतनाको विकास गर्नु हो । घूस लिने वा दिने कार्य निन्दनीय र घोर अपराध हो भनी प्रत्येक नागरिकमा बोध हुनु हो । यस्तो गर्न अब ढिलो गर्नुहुँदैन; भ्रष्टाचार नियन्त्रण गर्ने हो भने ।**

आर्थिक भ्रष्टाचारले देशको अर्थतन्त्रलाई धमिराले झैं खान्छ। देशलाई गरीब बनाउँछ । देश र जनतालाई गरीबीको कुचक्रबाट कहिल्यै बाहिर आउन दिँदैन । र आर्थिक भ्रष्टाचार अति भएको देशमा गरीबी स्थायी समस्या हुन पुग्दछ ।

आर्थिक भ्रष्टाचारले कुनै पनि राष्ट्रमा मुख्यगरी तीन किसिमका समस्या ल्याउँछ– **पहिलो:** आर्थिक भ्रष्टाचार हुने राष्ट्रमा कर्मचारीतन्त्र आर्थिक भ्रष्टाचारमा लिप्त हुने भएकोले कुनै पनि सेवाग्राहीको काम समयमा हुन पाउँदैन र यो कारणले गर्दा सेवाग्राहीले कार्य गर्दा लाग्ने कार्य–खर्चमा व्यापक वृद्धि हुन पुग्छ । **दोस्रो:** आर्थिक भ्रष्टाचारमा लिप्त हुनेहरूले आफ्नो उद्देश्य (घूस लिने) पूरा नभएसम्म सेवाग्राहीको काम नगर्ने हुनाले कतिपय (घूस नपाएको) अवस्थामा सेवाग्राहीको नियमपूर्वक हुने काम पनि हुन पाउँदैन। कामै रोकिन्छ। **तेस्रो:** भ्रष्टाचारमा लिप्त हुनेहरूले आफ्नो उद्देश्य (घूस लिने) पूरा नभएसम्म सेवाग्राहीको काम नगर्ने, काम गर्न आलटाल गर्ने हुनाले कतिपय अवस्थामा गर्न थालेको काम दिक्क भएर, बीचमा चटक्कै छाडेर, सेवाग्राही हिंड्छन् ।

आर्थिक भ्रष्टाचारले कुनै पनि राष्ट्रको आर्थिक विकासको गति सुस्त पार्ने वा आर्थिक विकास अवरुद्ध गर्ने भएकोले यसलाई नियन्त्रण गर्न आवश्यक हुन्छ । आर्थिक भ्रष्टाचारलाई निम्न किसिमले नियन्त्रण गर्न वा कम पार्न सकिन्छ ।

**–नैतिक शिक्षामा जोड तथा इमानदार संस्कृतिको विकास**
**–कारोबारको भुक्तानी चेकमा**
**–कम मूल्यका नोट निष्कासन**

### नैतिक शिक्षामा जोड तथा इमानदार संस्कृतिको विकास

आर्थिक भ्रष्टाचार रोक्नका लागि नैतिक शैक्षिकमा जोड दिन आवश्यक छ । विद्यालयहरूमा पठनपाठन हुने पुस्तकहरूमा नैतिक शिक्षासम्बन्धी सामग्री समावेश गरेर वालाबलिकाहरूमा सानो उमेरदेखि नै भ्रष्टाचार गर्नु अनैतिक कार्य हो भन्ने भावना विकसित गर्न सकिन्छ। यस्तो गर्न सके वालबालिकाहरूलाई बाल्यकालदेखि नै आर्थिक भ्रष्टाचार विरोधी तुल्याएर इमानदार संस्कृतिको विकास गर्न सकिन्छ। शिक्षा र संस्कृतिले नै मानिसलाई इमानदार हुन बाध्य पारेमा आर्थिक भ्रष्टाचार स्वतः कम वा समाप्त भएर जान्छ । नेपालमा बालबालिकाहरूलाई सानै उमेरदेखि भ्रष्टाचार विरोधी शिक्षा दिन आवश्यक छ। समाजले भ्रष्टाचार निन्दनीय कार्य हो भन्न आवश्यक छ।

डेनमार्क, न्यु जिल्यान्ड, फिनल्यान्ड, सिंगापुर, स्वीडेन, नर्वे, स्वीट्जरल्यान्ड, निदरल्यान्ड्स, जर्मनी, लग्जेम्बर्ग, अस्ट्रिया यस्ता राष्ट्र हुन्, जहाँ व्यक्तिलाई इमानदार हुन् समाजले नै प्रोत्साहित र नियन्त्रित गर्छ । देशमा प्रचलित नियम कानूनभन्दा संस्कृतिले व्यक्तिलाई आर्थिक भ्रष्टार नगर्न उत्प्रेरित गर्छ । समाजमा नैतिकता उच्च स्तरमा रहेको हुनाले व्यक्तिहरू स्वयं नै, भ्रष्टाचार गर्नुलाई अपराध मान्दछन् । विश्वमा आर्थिक भ्रष्टाचार सर्वाधिक कम हुने राष्ट्रहरूमा पहिलो, दोस्रो र तेस्रो क्रमशः डेनमार्क, न्यु जिल्यान्ड, फिनल्यान्ड पर्दछ । यी देशका नागरिकको नैतिकताको स्तर उच्च भएकोले नै त्यहाँ भ्रष्टाचार कम भएको हो ।

आर्थिक भ्रष्टाचार नियन्त्रण नियम, कानून, दण्ड र सजायले भन्दा पनि नागरिकमा नैतिकताको विकास गरेर गर्न सकिन्छ ।

जुन देशका बहुसङ्ख्यक नागरिकमा इमानदारीको कामी हुन्छ त्यस देशमा आर्थिक भ्रष्टाचार उच्च स्तरमा हुन्छ। नागरिकमा इमानदारीको कमी र समाजले नै आर्थिक भ्रष्टाचार गर्न उत्प्रेरित गर्ने राष्ट्रमा आर्थिक भ्रष्टाचार उच्च स्तरमा हुन्छ । दक्षिणी सुडान, सिरिया, सोमालिया, भेनेज्युएला, येमेन, उत्तर कोरिया, अफगानिस्तान, लिबिया, इक्वोटोरिएल ग्युनी, तुर्कमेनिस्तानजस्ता राष्ट्रहरू विश्वका सर्वाधिक आर्थिक भ्रष्टाचार हुने राष्ट्रको श्रेणीमा पर्दछन्। विश्वमा सर्वाधिक आर्थिक भ्रष्ट्राचार हुने पहिलो, दोस्रो र तेस्रो राष्ट्रमा क्रमशः दक्षिणी सुडान, सिरिया र सोमालिया पर्दछ। यी राष्ट्रहरूमा आर्थिक भ्रष्टाचार रोक्न नियम, कानून छन् । दण्ड र सजायको व्यवस्था पनि छ तैपनि आर्थिक भ्रष्टाचार रोकिएको छैन किनभने समाजमा इमानदारीको स्तर न्यून छ । बहुसङ्ख्यक व्यक्ति आर्थिक भ्रष्टाचारमा लिप्त छन् । नेपाली समाजमा पनि इमानदारिताको निकै अभाव छ । बहुसङ्ख्यक व्यक्ति भ्रष्टाचारमा लिप्त छन् । धेरै व्यक्तिले भ्रष्टाचारको घोर विरोध गर्छन् तर आफू भ्रष्टाचारमा लिप्त रहन्छन् ।

### कारोबारको भुक्तानी चेकमा

सम्भव भएसम्म सबै, नभए सकेजति (कारोबारको) भुक्तानी चेकमा गरेर पनि आर्थिक भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ। हरेक भुक्तानी चेकमा गर्दा कुन व्यक्तिलाई, के कार्यको लागि, कति रुपियाँ, कुन मितिमा, कुन बैंक खाताबाट, कोद्वारा भुक्तान गरियो भन्ने कुराको अभिलेख स्वतः रहन जाने हुनाले भ्रष्टाचार गर्ने नियतका साथ गरिएको कारोबार र स्वाभाविक कारोबार सजिलै छुट्याउन सकिन्छ । र यदि कसैले भ्रष्टाचार गर्ने नियतका साथ भुक्तानी दिएको वा लिएको छ भने सो कुरा सजिलै थाहा पाउन सकिन्छ। चेकबाट भुक्तानी गर्दा उपरोक्त अनियमित कार्यहरू गर्न नसकिने हुनाले सरकारी, अर्धसरकारी, गैरसरकारीलगायत व्यक्तिगतरूपमैं पनि लेनदेनको क्रममा भुक्तानी गर्दा भुक्तानी व्यवस्था चेकबाट हुनुपर्ने नियम हुनासाथ आर्थिक भ्रष्टाचार कम हुन पुग्छ ।

नेपालको सन्दर्भमा सरकारी, अर्ध सरकारी, सङ्घ–संस्थालगायत सम्भव भएसम्मको स्थितिमा, व्यक्ति व्यक्तिबीच पनि, चेकद्वारा भुक्तानी लिने दिने व्यवस्था भएमा उच्चस्तरमा आर्थिक भ्रष्टाचार कम पार्न सकिन्छ। धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ । नेपालमा बैंकिङको राम्रो विकास भएकोले चेकद्वारा लेनदेन हुनु व्यवस्था लागू गर्न सकिन्छ ।

### कम मूल्यका नोट निष्कासन

आर्थिक भ्रष्टाचार नियन्त्रण गर्ने अर्को, तर सर्वाधिक महत्त्वपूर्ण तरीका कम मूल्यको नोट निष्कासन गर्नु हो । आर्थिक भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले नै विकसित राष्ट्रका केन्द्रीय बैंकहरूले कम मूल्यका नोट निष्कासन गर्दछन् । केन्द्रीय बैंकहरूले १, ५, १०, २०, ५० र १०० मूल्यका नोटहरू निष्कासन गरेका हुन्छन्, ५००, १००० वा उच्च मूल्यका नोट निष्कासन गर्दैनन्। ५००, १००० वा उच्च मूल्यका नोट निष्कासन गर्नाले आर्थिक भ्रष्टाचार गर्नेहरूलाई सजिलो हुन्छ। जति बढी मूल्यका नोट प्रचलनमा रहन्छ सोही अनुरूप भ्रष्टाचारीहरूलाई भुक्तानी लिन वा दिन वा कारोबार गर्न सजिलो हुन्छ। तर केवल कम मूल्यका जस्तै ५०, १०० का नोट मात्र प्रचलनमा रहेमा भ्रष्टाचारीहरूले घूस लिन वा दिन त्यस्ता नोट ठूलो परिमाणमा बोक्नुपर्ने हुन्छ। घुस लिने वा दिने व्यक्तिले ठूलो परिमाणमा नोट बोक्नुपर्ने बाध्यताले गर्दा पनि भ्रष्टाचारीहरू घूस लिन र दिन (असजिलो भएर) दुरुत्साहित हुन्छन्, किनभने ठूलो परिमाणमा नोट बोकेको बाहिरबाट सजिलै देख्न सकिन्छ । उदाहरणका लागि कुनै एकजना भ्रष्टाचारीले अर्को भ्रष्टाचारीलाई रु एक करोड घूस दिनुछ भने दिने व्यक्तिले नोटहरू बोरामा राख्नुपर्ने हुन्छ। कसैले बोरा नोट राखेर दियो भने सहजै देख्न सकिन्छ। यसविपरीत उच्च मूल्यका नोट प्रचलनमा रहँदा एउटा सानो पोकोमा राखेर करोडौं रुपियाँ (घूस) दिन र लिन सकिन्छ ।

आर्थिक भ्रष्टाचार नियम, कानूनद्वारा नियन्त्रण गर्न सकिन्छ तर प्रभाकारी रूपमा भने नियन्त्रण गर्न सकिंदैन । प्रभावकारीरूपमा नियन्त्रण गर्नका लागि यस्तो किसिमको प्रणाली स्थापना गर्नुपर्छ कि प्रणालीले नै घूस लिने–दिने कार्यलाई नियन्त्रण गरोस्। चेकद्वारा भुक्तानी हुने व्यवस्था गर्नु, कम मूल्यका नोटहरू केन्द्रीय बैंकले निष्कासन गर्नु जस्ता कार्य भनेको भ्रष्टाचार नियन्त्रण गर्न प्रभावकारी प्रणालीको स्थापना गर्नु हो। यस्ता अन्य प्रणालीको स्थापना गरेर आर्थिक भ्रष्टाचार कम गर्न सकिन्छ । नेपालमा पनि यस्ता प्रणाली स्थापना गर्न सकिन्छ।

आर्थिक भ्रष्टाचार नियन्त्रण गर्ने सर्वाधिक प्रभावकारी व्यवस्था असल शिक्षा र संस्कृतिद्वारा जनजनमा चेतनाको विकास गर्नु हो। घूस लिने वा दिने कार्य निन्दनीय र घोर अपराध हो भनी प्रत्येक नागरिकमा बोध हुनु हो। यस्तो गर्न अब ढिलो गर्नुहुँदैन; भ्रष्टाचार नियन्त्रण गर्ने हो भने ।



**मुला बजार लैजाने तयारी** : चितवनको भरतपुर महानगरपालिका–१६ ढड्डाघारीका किसान बारीमा उत्पादित मुला बजार लैजानका लागि प्लाष्टिकमा प्याकिङ गर्दै । यहाँ उत्पादन भएको तरकारी काठमाडौं, पोखरालगायतका शहरमा पठाउने गरिन्छ । तस्वीर: रासस

## सुनको मूल्य प्रतितोला एक लाख तीन हजार एक सय पुग्यो

काठमाडौं, २१ पुस/रासस

सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य प्रतितोला रु एक लाख तीन हजार एक सय कायम भएको छ।



अघिल्लो दिन प्रतितोला रु एक लाख दुई हजार नौ सयमा कारोबार भएको सुनको मूल्य आज प्रतितोला रु दुई सयले बढेको हो ।


नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख दुई हजार छ सय छ। यसको मूल्य अघिल्लो दिन रु एक लाख दुई हजार चार सय थियो ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक सुन तथा चाँदीका मूल्य तोक्दै आएको छ ।

## वनजङ्गलको संरक्षणमा स्थानीयको सहभागिता अनिवार्य

प्रस, निजगढ, २१ पुस/

अहिले जाडोयाम छ। जाडोयाममा दिन प्रतिदिन तापक्रम घट्ने र मौसम चीसो हुन्छ। तापक्रम घटेर चीसो बढेसँगै स्थानीयहरूको चाप वनजङ्गलमा पर्ने गरेको छ। गर्मीयामको तुलनामा जाडोमा पशुपालक कृषकहरूलाई घाँस, सोतरको बढी आवश्यकता पर्दछ ।



टाउको हसिया बोकी जङ्गलतर्फ जाँदै स्थानीय, तस्करबाट काटिएको रूख र वनजङ्गल संरक्षण गरेसँगै पुनर्उत्पादन भइ हुर्किएका सालका लाथ्राहरू । तस्वीर: जीतलाल श्रेष्ठ

दैनिक खाना पकाउनका लागि भन्दा पनि चीसोबाट जोगिन आगो ताप्नका लागि दाउराको जोहो गर्नुपर्छ। दाउराको जोहो गर्ने क्रममा प्रायः दाउरा खोज्न वनजङ्गल जाने महिलाहरूले हरियो रूखको लाथ्रा काट्ने गरेको पाइएको वन सुरक्षाकर्मीहरू बताउँछन् ।

कुकाठ, सुक्खा, ढलापडा रूखहरूबाट दाउरा जोहो गर्न वन कर्मचारीहरूले खासै बाधा व्यवधान नगर्ने भएपनि जङ्गल क्षेत्रमा हरियो बोट, पोथ्रा, लाथ्रा, रूख काटेमा नियन्त्रणमा लिई वन ऐन अनुसार आवश्यक कारबाही गर्ने गरेका छन् ।

वनजङ्गलको संरक्षण र सही सदुपयोग गर्न सके मानवलाई फाइदै फाइदा छ। प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा विशेषगरी वनजङ्गल आसपासका बस्तीहरूलाई बढी हुन्छ । स्थानीयवासीहरूले वनजङ्गलको संरक्षण नगरे, वन कर्मचारीहरूबाट मात्रै वनको सुरक्षा अनि संरक्षण गर्न निकै कठिन हुन्छ। वनजङ्गलको पहिलो संरक्षणकर्मी वनजङ्गलनजीक वा आसपास बसोवास गर्ने स्थानीय हुन् । कतिपय अवस्थामा आफै अग्रसर भएर त, कतिपय अवस्थामा वन कर्मचारी, वन सुरक्षाकर्मीहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गरेर होस् ।

जबसम्म स्थानीयलाई हाम्रो वनजङ्गल हो भन्ने कुराको अनभूति गराउन सक्दैनौं, तबसम्म वनजङ्गल संरक्षणभन्दा बढी विनाशतर्फ आकर्षित भइरहन्छ। किनकि वन क्षेत्र मासेर बस्ती बस्ने हो, वन पैदावर मासेर आवश्यकता पूर्ति गर्ने हो । वनजङ्गलबाट हुने प्रत्यक्ष, अप्रत्यक्ष फाइदा स्थानीयलाई बुझाउन वन कर्मचारीले ढिला गर्दै गर्दा दुवै पक्षबीच विवाद अनि द्वन्द्व भइरहने गर्छ । दुई पक्षको टकरावले अन्ततः वनजङ्गल मासिने र यसको असर हामी सबैले भोग्नुपर्दछ। यतिसम्म कि पुस्तौं पुस्तासम्म पनि जारी रहन सक्छ ।

मानिस बाँच्नका लागि अक्सिजन प्राप्त गर्न स्वस्थ हरियो रूख आवश्यकता पर्दछ । एकजना मानिसलाई सहजसँग श्वास फेर्न आठदेखि १० किलोग्रामसम्म अक्सिजनको आवश्यकता पर्दछ। जसलाई प्राप्त गर्न १२ देखि १५ वटा स्वस्थ हरियो वयस्क रूखको आवश्यकता पर्दछ । त्यसैगरी, हरियो रूखबिरुवाले वातावरणलाई स्वच्छ राख्न पनि त्यत्तिकै महत्त्वपूर्ण भूमिका खेल्छ । वनजङ्गल र मानवबीचको सम्बन्ध पक्कै पनि नङ र मासुको जस्तै छ ।

तराई–मधेसको वनजङ्गल साल प्रजातिका रूख बाहुल्य भएको वनजङ्गल हो । यहाँ विशेषगरी अन्य प्रजातिका रूखहरूको तुलनामा सालको रूख अत्यधिक छ। साल प्रजातिको रूखबाट पाउने काठको महत्त्व विशिष्ठ छ। साल प्रजातिका रूखलाई वयस्क हुन कम्तीमा पनि ५५ देखि ६५ वर्ष लाग्छ । तराई–मधेसमा पाइने साल प्रजातिका रूखलाई रैथाने प्रजातिभन्दा पनि खासै फरक नपर्ला ।

वैज्ञानिक वन व्यवस्थापन शुरू गर्न यही साल प्रजातिको रूखलाई अध्ययन गरिएको हो । यसलाई ८० वर्षे बालीचक्रका रूपमा रोप्न र कटान गर्न सकिने अवधारणामा ल्याइएको थियो । संरक्षणको पाटोलाई लिएर केही वर्षअघिबाट मुलुकका विभिन्न वन क्षेत्रमा शुरू गरिएको वैज्ञानिक वन व्यवस्थापन कार्यलाई अहिले सरकारले पूर्णरूपमा बन्देज गरेको छ। यसका योजना, उद्देश्य वैज्ञानिक भएपनि कटानसँगै संरक्षणको पाटो अति संवेदनशील र चुनौतीपूर्ण छ। यसको कटानपछि संरक्षण गर्ने पक्षको सानो लापरवाही वा उदासीनताले ठूलो प्राकृतिक असर निम्तिन सक्ने सम्भावना प्रबल छ ।

मुलुकका कपिलवस्तु, कैलाली हुँदै तराई–मधेसका विभिन्न जिल्लामा नमूनाको रूपमा थालनी गरिएको वैज्ञानिक वन व्यवस्थापनका कार्य रोक्न सरकारलाई निकै दबाब परेसँगै पूर्णरूपमा रोकिएको हो । एकथरी वैज्ञानिक वन संरक्षणकर्मीहरू भने, वन क्षेत्रलाई बालीचक्रको रूपमा जबसम्म कार्यान्वयन अनि विकास गर्न सकिंदैन, तबसम्म देश समुन्नितिर्फ अघि बढ्न निकै कठिन हुने दाबी गर्छन्। यसरी बालीचक्रका रूपमा उत्पादन गरिएका वन पैदावर काठ, दाउरा उपभोक्ताहरूका माग अनि आवश्यकता अनुसार देशमा परिपूर्ति र विदेशमा निर्यात गर्दा ठूलो आर्थिक सङ्कलन हुने उनीहरूको भनाइ छ। वैज्ञानिक वन व्यवस्थापनका नाममा सर्पट रूख कटानको समयमा क्षतिपूर्ति पुर्ताल गर्न नसक्दाको अवस्था निकै नै भयावह हुन सक्ने उनीहरूको चेतावनी छ । उद्देश्य एउटा, काम अर्को नियतका साथ हुन सक्ने सम्भावना अधिक रहेकाले नै यो अवधारणा चुनौतीपूर्ण र शङ्कापूर्ण रहेको एकथरी वन संरक्षणकर्मी तथा वातावरणकर्मीहरूको जिकिर छ ।

वनजङ्गल संरक्षणमा भन्दा पनि रूख कटान गरी तत्कालै नाफा खोज्नेहरूको पोल्टामा जाँदा यो एकदमै चुनौतीपूर्ण हुने उनीहरूको दाबी छ। वैज्ञानिक वन व्यवस्थापनको नाउँमा ठेकेदार, माफियाहरू हाबी हुन सक्ने भन्दै यसको चर्को आलोचना र विरोध उपल्लो तहमा नै छरपस्ट भएको थियो ।

साझेदारी वा सामुदायिक वन समूहको सरकारले जुन उद्देश्यका साथ स्थानीय समुदायमा हस्तान्तरण गरिएको थियो । यसको मूल मर्मलाई कतिपयले नबुझेर, कतिपयले बुझेर पनि नबुझेझैं गरेर शुरूका वर्षदेखि करीब एक दशकसम्म उपभोक्ताहरूलाई संरक्षण गर्न दिएको

(बाँकी चौथो पातामा)

# आर्थिक चुनौतीको चाङमा नयाँ सरकार

हालै मात्र ठूलो धनराशि खर्चेर प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन सम्पन्न भई मुलुकमा पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा नयाँ सरकार बनेको छ। यस अघि नौनौ महीना गरी दुईपटक सरकारको नेतृत्व गरिसकेका प्रचण्डलाई यसपटक गम्भीर आर्थिक चुनौतीको सामना गर्नुपर्नेछ। नवगठित सरकारका लागि 'सङ्कटोन्मुख' बनेको अर्थतन्त्रलाई लयमा ल्याउनु र देशमा आर्थिक तथा वित्तीय स्थायित्व कायम गरी जनसेवा, विकास र समृद्धिका लागि काम गर्ने अवसर प्राप्त भएको छ। सरकार सञ्चालनको विगतको अनुभव सदुपयोग गर्दै प्रधानमन्त्री प्रचण्डले मुलुकको विकास, समृद्धि र सुशासनमा ऐतिहासिक भूमिका खेल्न जरूरी छ।

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**राजनीतिक कुशलताले सामाजिक रूपान्तरणसहित आर्थिक उन्नतिको ढोका खोल्दछ। आर्थिक क्षमता र व्यवहारमा शून्य सामाजिक परिवर्तन, समानतामा आधारित समानुपातिक समावेशितासहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थायित्वका लागि नेपाली अर्थतन्त्रलाई स्वतन्त्र, सार्वभौम र अक्षुण्ण राख्नैपर्दछ।**

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले सन् २०२३ मा विश्व अर्थतन्त्रमा निकै ठूलो चुनौती देखा पर्ने जनाएको छ। विश्वका एकतिहाई मुलुकमा यस वर्ष आर्थिक मन्दी छाउने र त्यसबाट लाखौं मानिस प्रभावित हुने कोषको अनुमान छ। विश्वका तीन प्रमुख अर्थतन्त्र भएका मुलुक संयुक्त राज्य अमेरिका, युरोपेली सङ्घ र चीन एकसाथ सुस्त गतिमा चलेका हुनाले त्यस्तो परिस्थिति आउन सक्ने विश्लेषण कोषको छ। संयुक्त राज्य अमेरिकाले मन्दी पन्छाउन सके पनि युरोपमा गम्भीर स्थिति देखापर्ने अवस्था रहेको कोषले जनाएको छ। शून्य कोरोना भाइरस सङ्क्रमण नीतिका कारण विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको चीनले सन् २०२२ मा बाँकी विश्वसँग रफ्तार मिलाउन सकेको थिएन। यसले गर्दा आपूर्ति शृङ्खला र व्यापार तथा लगानी प्रवाहमा अवरोध सिर्जना भएको थियो। कोरोना भाइरस सङ्क्रमण आउनु अघि चीनले विश्व आर्थिक विकासको ३४, ३५ वा ४० प्रतिशतसम्म आपूर्ति शृङ्खला र व्यापार तथा लगानी प्रवाह गर्थ्यो। तर अहिले त्यो सकिरहेको छैन। त्यसैले समग्र एशियाली अर्थतन्त्रका लागि यो 'तनावपूर्ण' अवधि रहेको कोषको भनाइ छ। कोषले यो वर्ष विश्व आर्थिक विकासको दर २.७ प्रतिशत हुने प्रक्षेपणसमेत गरेको छ। सन् २०२२ मा आर्थिक विकास दर ३.२ प्रतिशत थियो। युक्रेन युद्ध, मुद्रास्फीतिको दबाब र प्रमुख केन्द्रीय बैंकहरूले बढाएको ब्याजदर लगायतलाई मध्यनजर गर्दै कोषले सन् २०२३ को आर्थिक विकासको दर प्रक्षेपण गरेको थियो।

नेपालमा पनि अर्थतन्त्रबबारे सर्वत्र चिन्ता र नैराश्यता देखिएको र अहिलेको अवस्थामा यसलाई हटाउन नवगठित सरकारले विशेष पहलकदमी लिनुपर्ने आवश्यक देखिएको छ। यसका लागि सबैभन्दा पहिले सरकारले सर्वसाधारण र निजी क्षेत्रको मनोबल उच्च राख्न सक्नुपर्दछ। यसका साथै मुलुक सुहाउँदो समाजवाद उन्मुख नयाँ आर्थिक नीति तयार पारेर त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्छ। अर्थतन्त्रमा आउन सक्ने चुनौतीको सामना गर्न प्राप्त अवसरको सदुपयोग र राजनीतिक उतारचढाव नआउने हो भने प्रचण्ड नेतृत्वको सरकारलाई करीब साढे दुई वर्षको समयावधि छ। अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना निर्माण र कार्यान्वयनका लागि यो प्रशस्त समय हो। सङ्घीयता करीबकरीब संस्थागत भइसकेको छ। यसको समन्वय र सहकार्यमा मात्र ध्यान दिंदा जनसेवा, समृद्धि र सुशासनमा फड्को मार्न सकिन्छ। हुनत गरीबी र बेरोजगारी नेपालको पुरानो समस्या हो। यसमा सबै दलको साझा नीति, कार्यक्रम र दृष्टिकोण बनिसकेको छैन। विगत एक वर्षदेखि अर्थतन्त्रका अधिकांश सूचकाङ्क नकारात्मक छ। हाल निजी क्षेत्रको मनोबल खस्केको देखिन्छ। महँगी चर्को छ। किसानलाई मल प्राप्त गर्न लामो सङ्घर्ष गरिरहनुपरेको छ। रोजगारका लागि युवा विदेशिनुपर्ने अवस्था कायमै छ। सर्वसाधारण नागरिक सार्वजनिक सेवा लिन घण्टौं लाइनमा बस्नुपर्ने बाध्यता छ। रेमिट्यान्समाथि भर पर्दा अर्थतन्त्रको बाह्य क्षेत्रका चुनौती बढिरहेका छन्। आयात प्रतिबन्धको प्रभावले शोधनान्तर बचततर्फ उन्मुख भए पनि यसबाट राजस्वमा कमी आउनेलगायत समस्याले आर्थिक स्थायित्व कायम गर्न थप चुनौती बढेको छ।

बैंकिङ क्षेत्रमा तरलता अभावले ब्याजदर र लगानी प्रभावित भएको छ। लक्ष्य अनुसार राजस्व असुली नहुँदा सरकारी खर्चमा चाप परेको छ। त्यसैले सरकारले केही ठूला पूर्वाधार आयोजनालाई गति दिंदै तत्काल कृषि एवं औद्योगिक उत्पादन वृद्धिमार्फत स्वाधीन अर्थतन्त्र निर्माणका लागि केन्द्रित हुनुपर्दछ। उत्पादनले रोजगारी वृद्धि गर्छ। यसका लागि सरकारले उत्पादक र साना कृषकलाई आवश्यक प्रविधि, पूँजी तथा बजारीकरणको अवसरसहित आवश्यक सुविधा उपलब्ध गराउनुपर्छ। त्यस्तै वित्तीय प्रणालीमा लगानीयोग्य रकमको अभाव देखिएको छ। आयव्ययको सन्तुलन तथा सार्वजनिक खर्च कटौतीमा नवगठित सरकारले विशेष जोड दिनुपर्छ। पूँजीगत खर्च बढाउन र तरलता अभाव सुधार्न सरकारले तत्काल पहलकदमी लिनुपर्छ। यस्तै अर्थतन्त्रमा सम्भावना बोकेका प्रमुख क्षेत्र-जस्तै कृषि, उद्योग, विद्युत् र पर्यटनलाई प्राथमिकता दिनुपर्छ। हालको आर्थिक अवस्थालाई मध्यनजर गरी तत्काल आम नागरिकले परिणाम देख्ने र राहत महसूस गर्ने परियोजनामा नयाँ सरकारको ध्यान जान जरूरी छ। विशेषगरी कृषिमा आधुनिकीकरण एवं व्यवसायीकरण, रोजगार सिर्जना, औद्योगिक उत्पादन वृद्धि, ऊर्जा उत्पादन, पर्यटन विकासमार्फत छिटो समृद्धि हासिल गर्न सकिने हुँदा सरकारले यससँग सम्बन्धित परियोजना तथा कार्यक्रममा जोड दिन सक्नुपर्दछ।

कृषि क्षेत्रमा सरकारी, सहकारी तथा निजी क्षेत्रको लगानी अत्यन्त न्यून छ। पछिल्लो १५ वर्षको तथ्याङ्क हेर्दा मुलुकको कुल बजेटको तुलनामा ३ प्रतिशतभन्दा बढी बजेट कृषिमा विनियोजन भएको छैन। कुल रोजगारमा ६१ प्रतिशत आश्रित जनसङ्ख्या रहेको र कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा २१-२२ प्रतिशत योगदान रहेको यस क्षेत्रमा लगानी नै अत्यन्त न्यून हुँदा उत्पादनमा सोझो असर परेको छ। त्यसैले सबै क्षेत्रले कृषिमा लगानी बढाउनुपर्छ। त्यस्तै कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) बन्देज गर्ने वर्तमान नीतिमा संशोधनको खाँचो देखिएको छ। पहिले एउटा विशिष्टताको अवस्थामा कृषि क्षेत्रमा एफडिआई आउनुहुँदैन भनिएको हो। तर अहिलेको परिवर्तित अवस्था र बाली तथा वस्तु विविधीकृत भइरहेको परिप्रेक्ष्यमा एफडिआई बन्देज गर्ने हालको नीतिमा पुनर्विचार गर्नु जरुरी देखिएको छ। केही वस्तुमा एफडिआई ल्याउनुहुँदैन भने यसको यथेष्ट कारणसहित रोस्टर तयार गर्ने र मुलुकको कृषि उत्पादनमा ठूलो फड्को मार्ने क्षेत्रमा भने एफडिआई खुला गर्नु जरूरी छ। जलवायु परिवर्तनले विश्व अर्थतन्त्रमा पारेको प्रभावका कारण कृषि उत्पादनमा पनि असर पर्न थालेको छ। हावापानीमा आएको फेरबदल अनुसार 'मौसम अनुकूल कृषि प्रणाली'को अवधारणा लागू गर्न जरूरी छ। व्यावसायिक तरकारी खेतीमा लगानी गरी छिमेकी मुलुक तथा तेस्रो मुलुकमा निर्यात गर्ने गरी ठूलो एफडिआई आउँछ भने त्यसलाई नेपाल सरकारले स्वागत गर्नुपर्छ। बरु रोजगारीको निश्चित प्रतिशत नेपाली श्रमिक नै हुनुपर्ने, आम्दानीको निश्चित प्रतिशत नेपालमैं थप लगानी गर्नुपर्नेलगायत शर्त भने राख्न सकिन्छ। उदाहरणका लागि मुलुकमा अहिले वार्षिक सात अर्ब रुपियाँको प्याज आयात हुने गरेको छ। कुनै विदेशी लगानीकर्ताले यहाँ प्याज उत्पादन गरी देशभित्रै बिक्री वितरण गर्छु भनेर आयो भने त्यसलाई रोक्नुपर्ने कुनै कारण हुनु हुँदैन।

यसैगरी आर्थिक कूटनीतिक सम्बन्ध पनि समयसापेक्ष सुदृढीकरण गर्नुपर्छ। यसका लागि ठूला अर्थतन्त्र भएका छिमेकी मुलुक भारत र चीनसँग सन्तुलित रूपमा कूटनीतिक व्यवहार गर्नुपर्छ। दुवै छिमेकीलाई साथ लिएर नेपालको आर्थिक समृद्धि र विकासमा पहलकदमी गर्नुपर्छ। मुलुकको समग्र राष्ट्रिय हितलाई केन्द्रमा राखेर दुवैसँग असल छिमेकी सम्बन्ध कायम राख्दै स्वतन्त्र एवं आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकासका लागि सकारात्मक पहल थाल्नुपर्छ। आर्थिक वृद्धि, निजी लगानी, उद्यम, आर्थिक स्वतन्त्रता र सरकारको अहस्तक्षेपकारी नीति पूँजीवादका विशेषता हुन्। यद्यपि, निजी क्षेत्रलाई पर्याप्त उत्प्रेरित गर्दै उत्पादनका साधनमा सबैको पहुँच, त्यसबाट हुने लाभको न्यायोचित वितरण तथा सरकारको सकारात्मक रचनात्मक भूमिकामा ध्यान दिनुपर्ने देखिन्छ। त्यस्तै सामाजिक हकहितको संरक्षण गर्ने उद्देश्यले व्यावसायिक तथा आर्थिक क्रियाकलापमा निजी क्षेत्रलाई विश्वासमा लिंदै सरकारले रचनात्मक भूमिका निर्वाह गर्नुपर्छ। यसरी अर्थतन्त्रमा निजी क्षेत्र, सरकार र सहकारी क्षेत्रको समन्वयात्मक भूमिकाका लागि सरकारले पहलकदमी लिन जरूरी छ।

सुशासन अभिवृद्धि गर्दै समृद्ध नेपाल निर्माणको अभियानमा केन्द्रित हुनु वर्तमान सरकारको मूल दायित्व हो। सरकारले मूलतः सुशासन, मुलुकको समग्र विकास, निर्माण, सन्तुलित वैदेशिक सम्बन्ध र प्रभावकारी तथा छिटोछरितो जनसेवाका लागि विशेष पहलकदमी लिन आवश्यक छ। आम मानिसको आर्थिक, सामाजिक, भौतिक तथा सांस्कृतिक विकासमा समर्पित आर्थिक नीतिले सम्पूर्ण जनताको सहभागितामा जोड दिन्छ र यसले समग्रमा सबैका लागि अवसर पनि प्रदान गर्छ। समग्र मानवीय विकासमा समग्र सामूहिकताको अभियानले उत्पादकत्व बढाउँछ। यसरी आर्थिक वृद्धि र उद्योगीकरणका लागि राष्ट्रिय रूपमा पूँजी सञ्चितिसहितको वित्तीय व्यवस्थापन गर्नु अहिलेको आवश्यकता हो। हुनत राजनीतिक कुशलताले सामाजिक रूपान्तरणसहित आर्थिक उन्नतिको ढोका खोल्दछ। आर्थिक क्षमता र व्यवहारमा शून्य सामाजिक परिवर्तन, समानतामा आधारित समानुपातिक समावेशितासहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थायित्वका लागि नेपाली अर्थतन्त्रलाई स्वतन्त्र, सार्वभौम र अक्षुण्ण राख्नैपर्दछ। त्यसका लागि वित्तीय तथा आर्थिक अर्थतन्त्रका आधारहरूलाई राजनीतिक अर्थ व्यवस्थाको फोहरी किचिलोबाट मुक्त राख्नु जरूरी छ। यसतर्फ नवगठित सरकारको अर्जुनदृष्टि गाडिनुपर्दछ।

## मूल्य कटौती गर्न निर्देशन

काठमाडौं, २१ पुस/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पेट्रोलियम पदार्थको मूल्य तत्काल घटाउन निर्देशन दिएका छन्।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटेका कारण सोही बमोजिम मूल्य समायोजन गरी मूल्य कटौती गर्न प्रधानमन्त्रीले निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज वाणिज्य तथा आपूर्ति सचिवलाई निर्देशन दिंदै प्रधानमन्त्री प्रचण्डले आमजनतालाई राहतको अनुभूति हुने गरी पेट्रोल र डिजेल तथा हवाई इन्धनको मूल्य कटौती गर्न निर्देशन दिएका हुन्। आपूर्ति सचिव नेपाल आयल निगमको अध्यक्ष रहने व्यवस्था छ। निगमको पछिल्लो विवरण अनुसार १५ दिनमा रु ९९ करोड नाफा हुने देखिएको छ।

निगमले रु १८ अर्ब बराबरको रकम तिर्नुपर्ने दायित्व रहेको भन्दै मूल्य घटाउन तयार भएको छैन। चौतर्फीरूपमा मूल्य घटाउन निगमलाई दबाब परे पनि अस्वीकार गर्दै आएको छ। लगातार अन्तर्राष्ट्रिय बजारमा मूल्य ओरालो लागे पनि दायित्व बाँकी रहेको भन्दै मूल्य घटाउन निगम तयार नभएपछि प्रधानमन्त्रीले नै निर्देशन दिनुपरेको हो।

## पानी नपरेका कारण प्रदूषण बढ्यो

काठमाडौं, २१ पुस/रासस

पानी नपरेका कारण केही दिनयतादेखि काठमाडौं उपत्यकासहित देशभर धूलोधूवाँ पनि बढेको र यसका कारण देशभर प्रदूषण बढेको छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार पानी नपरेका कारण तराईमा हुस्सु लाग्न थालेको र वायु प्रदूषण दिनहुँ बढिरहेको छ। सो शाखाले काठमाडौं, भक्तपुर, दाङको तुलसीपुर र धनकुटाको हावा अस्वस्थकर बन्दै गएको जनाएको छ।

हावाको गुणस्तर सूचक मापन 'एयर क्वालिटी इन्डेक्स'को आज बिहान ७ बजेर ४५ मिनेटको तथ्याङ्क अनुसार भक्तपुर, काठमाडौं, तुलसीपुर र धनकुटाको हावा अस्वस्थकर रहेको छ।

काठमाडौंको एयर क्वालिटी इन्डेक्स (एक्युआई) १५३ रहेको छ। यस्तै, भक्तपुरको १५४, तुलसीपुरको १०८ र धनकुटाको १०६ रहेको छ।

एक्युआई सूचकाङ्क सयदेखि १५० सम्म पुग्दा बालबालिका तथा वृद्ध र श्वासप्रश्वाससम्बन्धी रोगीलाई अस्वस्थकर तथा १५० भन्दामाथि एक्युआई पुग्नु सबैका लागि अस्वस्थकर मानिन्छ। सामान्यतया शून्यदेखि ५० सम्मको एक्युआईलाई राम्रो मानिन्छ।

उक्त सूचकाङ्क अनुसार १५० भन्दामाथि दुई सयसम्मलाई अस्वस्थकर र त्यसभन्दा माथि तीन सयसम्मलाई अति अस्वस्थकर मानिन्छ। अस्वस्थकर वायुले मानिसको स्वास्थ्यमा असर पार्छ। सबै उमेर समूहका मानिसको स्वास्थ्यमा जोखिम बढेको र विशेषगरी बालबालिका र ज्येष्ठ नागरिकलाई थप जोखिम हुने भएकाले सतर्कता अपनाउन विज्ञले आग्रह गर्दै आएका छन्।

### वनजङ्गलको संरक्षण ...

वनजङ्गलमा ठूलो परिमाणमा वन पैदावर हानिनोक्सानी हुन पुगेको सरकारी तथ्याङ्क छ।

हानिनोक्सानी हुने क्षेत्रहरू पूर्वदेखि पश्चिम तराई-मधेसमा बढी थियो। त्यस्ता गलत कार्यको सरकारले कडाइका साथ निगरानी र कारबाही अघि बढाएसँगै दर्जनौं वन समूह, वन कर्मचारीहरू कानूनी फन्दामा परे। पछिल्लोपटक वन समिति, वन समूहहरू सजग अनि सचेत भएका छन्। त्यस बेलाका वन मुद्दा अहिलेसम्म अख्तियार र विशेष अदालत हुँदै कतिपय सर्वोच्च अदातलमा विचराधीन अवस्थामा छन्। कतिपय वन समूहको मुद्दा टुङ्गिए पनि कतिपयको मुद्दा अहिलेसम्म पनि उस्तै छ। पछिल्लो समय सामुदायिक वन समूहले वन संरक्षणमा खेल्दै आइरहेको भूमिका सराहनीय रहे पनि ठेकेदारी प्रथा कायमै छ।

## नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो




काठमाडौं, २१ पुस/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज दोहोरो अङ्कले बढेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक आज १८ दशमलव शून्य नौ अङ्कले उकालो लागेर दुई हजार १४३ दशमलव ९३ मा पुगेको छ।

आजको कारोबारमा ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ५१ अङ्कले उकालो लागेर ४११ दशमलव २३ मा पुगेको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा ११ उपसमूहको शेयर मूल्यमा भने वृद्धि भएको छ।

कारोबार भएकामध्ये १४७ कम्पनीका शेयर मूल्य बढेका छन् भने ६२ वटा कम्पनीका शेयर मूल्य घटेका छन्। कुल रु एक करोड २५ लाख ८१ हजार ९८२ कित्ता शेयर रु पाँच अर्ब चार करोड सात लाख ४० हजार ९३७ मूल्यमा खरीद-बिक्री भएका छन्। शेयर कारोबार हुने साताको अन्तिम दिनको कारोबारपछि बजार पूँजीकरण रु ३१ खर्ब एक अर्ब ४५ करोड एक लाख १२ हजार १४९ बराबर पुगेको छ।

कारोबारका आधारमा हिमालयन डिस्टिलरी शीर्ष स्थानमा छ। सो कम्पनीको रु ४३ करोड १९ लाख ६६ हजार ९७४ बराबरको कारोबार भएको छ। यस्तै, रिडी पावर कम्पनी रु २१ करोड ४१ लाख आठ हजार ४८७, हिमाल दोलखा हाइड्रोपावर रु ११ करोड ८४ लाख ७८ हजार ६६५, एनआइसी एशिया बैंक रु ११ करोड ८४ लाख ४४ हजार ३०६ र नेपाल पुनर्बीमा कम्पनी रु १० करोड दुई लाख ६३ हजार बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार विभिन्न पाँच कम्पनीका शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। जसमा चन्द्रागिरि हिल्स, बुद्धभूमि नेपाल हाइड्रोपावर, धौलागिरि लघुवित्त, खप्तड लघुवित्त र सिर्जनशील लघुवित्त छन्। उकालो लागेको बजारमा सिटिजन म्युचुअल फन्ड तीन दशमलव शून्य तीन, मनकामना स्मार्ट लघुवित्त दुई दशमलव ८८, नारायणी डेभलपमेन्ट बैंक दुई दशमलव ८२, नेपाल एसबिआई बैंकको ऋणपत्र दुई दशमलव ७० र प्रभु इन्स्योरेन्स कम्पनीका लगानीकर्ताले दुई दशमलव ४६ प्रतिशतले गुमाएका छन्।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## इथियोपियाको द्वन्द्वग्रस्त उत्तरी क्षेत्रमा मानवीय सहायता पुर्‍याइँदै

अदिस अबाबा, २१ पुस/सिन्ह्वा

इथियोपियाको द्वन्द्वग्रस्त उत्तरी क्षेत्रमा मानवीय सहायता पुर्‍याउने कामलाई प्राथमिकतामा राखिएको खाद्य तथा कृषि सङ्गठन, एफएओले जनाएको छ।

इथियोपियाको उत्तरी क्षेत्र द्वन्द्वग्रस्त रहेको र यहाँका नागरिकलाई खाद्यान्न, औषधिलगायत अन्य अत्यावश्यक वस्तु आपूर्ति गर्नुपर्ने भएकोले खाद्य तथा कृषि सङ्गठन आपूर्ति कार्यमा लागेको सो संस्थाले जनाएको छ।

यसअघि सो क्षेत्रमा यहाँका विद्रोहीहरूले नै खाद्यान्न वितरण गर्न नदिएकोमा अहिले युद्धविराम भएपछि बिस्तारै आवश्यक वस्तु आपूर्ति गर्न थालिएको बताइएको छ।



तस्वीरः सिन्ह्वा

यहाँको उत्तरी क्षेत्र, खासगरी टिग्रेका नागरिकलाई अहिले खाद्यान्नलगायत आवश्यक सामग्री उनीहरूको अवस्था हेरेर विदेशी दाता संस्थाहरूको समन्वयमा आपूर्ति गर्ने काम गरिएको सो संस्थाले जानकारी दिएको छ।

टिग्रे, अफार र अम्राह द्वन्द्वग्रस्त क्षेत्र हुन्। यी क्षेत्रका कैयौं नागरिकले द्वन्द्वका कारण ज्यान पनि गुमाएका छन्।

ती क्षेत्रमा जारी द्वन्द्वका कारण विद्रोहीहरूले संयुक्त राष्ट्रसङ्घ तथा अन्य दाता संस्थाहरूलाई पनि प्रवेश गर्न दिएका थिएनन्। जसका कारण यहाँका नागरिक लामो समयदेखि समस्यामा परेका थिए।

अहिले खाद्य तथा कृषि सङ्गठन, विश्व खाद्य कार्यक्रम तथा अन्य अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोग र समन्वयमा ती क्षेत्रमा खाद्यान्न र अरू सहयोग पुर्‍याउने काम भइरहेको बताइएको छ। रासस

## सङ्कटग्रस्त श्रीलङ्कालाई संयुक्त राष्ट्रसङ्घले सघाउने

कोलम्बो, २१ पुस/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घका सहायक महासचिव एवं राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) का एशिया–प्रशान्त क्षेत्रीय निर्देशक कान्नी विग्नाराजाले चरम आर्थिक सङ्कटबाट गुज्रिएको दक्षिण एशियाली टापु राष्ट्र श्रीलङ्कालाई आर्थिक एवं प्राविधिक सहयोग गरिने बताएका छन्।

राष्ट्रपति रनिल विक्रमासिङ्घे र उनको नेतृत्वको प्रतिनिधिमण्डलसँग भएको भेटमा सहायक महासचिव विगनराजले आर्थिक एवं प्राविधिक सहयोगको आश्वासन दिएको राष्ट्रपतिको कार्यालयले जनाएको छ। राष्ट्रसङ्घका अधिकारीले राष्ट्रपति विक्रमासिङ्घे र उनको सरकारले देशको आर्थिक सङ्कट समाधानका लागि गरेका प्रयासको प्रशंसा गरेका थिए।

राष्ट्रपति विक्रमासिङ्घे नेतृत्वको प्रतिनिधिमण्डलसँग भएको भेटवार्ता आर्थिक सुधारमा केन्द्रित थियो। छलफलमा मुलुकको दीर्घकालीन आर्थिक पुनरुत्थान र वृद्धि सुनिश्चित गर्न कठोर निर्णय लिनुपर्ने सहायक महासचिवको कथनप्रति प्रतिनिधिमण्डलले सहमति जनाएको थियो। रासस




तस्वीरः सिन्ह्वा

## इजरायली सेनाद्वारा वेस्टबैंकमा प्यालेस्टिनी केटा मारिए

प्यालेस्टाइन क्षेत्र, २१ पुस/एएफपी

इजरायली सेनाले बिहीवार वेस्ट बैंकको नाब्लस शहरमा एक प्यालेस्टिनी बालकको हत्या गरेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ। विद्रोही र इजरायली सेनाहरूबीच सशस्त्र झडप भएको थियो।

आज बिहानै नाब्लसमा आक्रमणको क्रममा इजरायली सैनिकहरूले हानेको गोली टाउकोमा लागेर १६ वर्षीय अबु जेटोनको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले घोषणा गरेको समाचारमा जनाइएको छ।



तस्वीरः एएफपी

इजरायली सेनाले यस घटनाको तुरुन्तै प्रतिक्रिया दिएको छैन। स्थानीय प्यालेस्टिनी लडाकू समूह लायन्स डेनले नाब्लसको बालाता शरणार्थी शिविरमा रातभरको झडपमा आफ्ना लडाकूहरू संलग्न रहेको बताएको एक विज्ञप्तिमार्फत जानकारी दिएको छ।

यस वर्षको शुरूदेखि वेस्ट बैंकमा इजरायली सेनाद्वारा मारिएका जेटोन चौथो प्यालेस्टिनी हुन्। गत मङ्गलवार बेथलेहेममा १५ वर्षीय एडम एसाम शेकर अय्यादको मृत्यु भएको थियो।

सन् २००५ मा १५० भन्दा बढी प्यालेस्टाइनीको मृत्यु भएयता वेस्ट बैंकमा इजरायल गरेको आक्रमणमा सन् २०२२ सबैभन्दा घातक वर्षको रूपमा रहेको डिसेम्बरमा संयुक्त राष्ट्रसङ्घले जनाएको छ। रासस

### सच्याइएको

हिजो मिति २०७९/०९/२१ गते भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पर्साको सूचनामा सम्पर्क व्यक्तिहरु १) रामकिशोर यादव (अधिकृत छैटौं तह) सम्पर्क नं. ९८०४८५७१२०, २) सत्यनारायण मण्डल (अधिकृत छैटौं तह) सम्पर्क नं. ९८४५०२८३५१ छुट हुन भएकोले सच्याइएको छ। –विज्ञापन शाखा

घरघरमा शौचालय प्रयोग गरौं,
सभ्य नागरिकको परिचय दिऔं।

वीरगंज महानगरपालिका कार्यालय

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## विज्ञापनलाई व्यावसायिक, स्वच्छ र प्रतिस्पर्धी बनाउन जोड

काठमाडौं, २१ पुस/रासस

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले विज्ञापनलाई व्यावसायिक, स्वच्छ र प्रतिस्पर्धी बनाउनुपर्नेमा जोड दिएका छन्। यस काममा विज्ञापन एजेन्सीको पनि भूमिका महत्त्वपूर्ण हुनेमा उनले जोड दिए।

विज्ञापन बोर्डले आज आयोजना गरेको 'बोर्डको कार्यक्षेत्र र विज्ञापन एजेन्सीको भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रम शुभारम्भ गर्दै उनले यस्ता कार्यक्रमबाट सरोकार भएका व्यक्ति र निकायका सुझावका आधारमा विज्ञापन क्षेत्रलाई व्यवस्थित, व्यावसायिक र स्वच्छ बनाउन सकिने धारणा व्यक्त गरे। विज्ञापन एजेन्सीले स्वनियमनमा बसेर आफ्नो भूमिका निर्वाह गरे सरकार सहजीकरणका लागि सदैव तयार रहेको सचिव डा अर्यालको भनाइ थियो। उनले यस कार्यक्रममा प्रस्तुत हुने कार्यपत्रमाथि गरिने छलफलबाट प्राप्त सुझावले विद्यमान कमीकमजोरी सच्याउनका लागि अवसर मिल्ने विश्वास व्यक्त गरे।

विज्ञापनको आचारसंहिता विभिन्न चरणमा छलफल र सरोकार निकायका सुझावसमेत समेटी ल्याइएको जानकारी गराउँदै सचिव डा अर्यालले यसमा समय अनुसार परिवर्तन र परिमार्जन गर्न सकिने बताए। बोर्डले विज्ञापनसम्बन्धी राष्ट्रिय नीति तयार गर्न लागेकाले यसमा सुझाव दिन आग्रह गर्दै उनले यसले विज्ञापनसम्बन्धी ऐन र नियममा भएका कमीकमजोरी सच्याउन योगदान पुग्ने अपेक्षा गरे।




तस्वीरः रासस

सचिव डा अर्यालले बोर्ड स्वायत्त रहेको र यसको निर्णय प्रक्रियामा मन्त्रालयको कुनै हस्तक्षेप नभएकोसमेत स्पष्ट पारे।

विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले अन्तर्क्रियाको उद्देश्य सरोकारवालाका आवाज सुनेर सम्बोधनका लागि प्रयास गर्नु रहेको उल्लेख गर्दै बोर्डमा सूचीकरण भएका एजेन्सीसँगको अन्तर्क्रिया यो पहिलो भएको जानकारी गराए।

विज्ञापनका क्षेत्रमा सरकार र नियामक निकाय मात्र भएको बताउँदै उनले एजेन्सी र सरोकारवालाका सुझाव बोर्डको नीति र कार्यका लागि आधार हुने उल्लेख गरे। अध्यक्ष हुमागाईंले यो व्यवसायलाई स्वच्छ, पारदर्शी, मर्यादित र प्रतिस्पर्धी बनाउन बोर्डले कार्य गरिरहेको बताउँदै बोर्ड आफ्नो क्षेत्रका कार्यमा स्वायत्त रहेको स्पष्ट पारे।

एडभरटाइजिङ एशोसिएशन अफ नेपाल (आन)का अध्यक्ष सोमप्रसाद धितालले बोर्डलाई स्वायत्त बनाइ विज्ञापन क्षेत्रलाई नियमन तथा बढोत्तरीका लागि थप कार्य गर्नका लागि मन्त्रालयबाट सहजीकरण गरिदिन आग्रहसमेत गरे। उनले बोर्ड सहजीकरण निकायका रूपमा मात्र रहनुपर्ने र व्यवसायीको हकहितमा काम गर्नुपर्ने बताए। अध्यक्ष धितालले बोर्डले सबै विज्ञापन क्षेत्रका विधालाई समावेश हुनेगरी काम गर्नुपर्ने र विज्ञापनको क्षेत्र बढाउनसमेत प्रेरित गर्नुपर्नेमा जोड दिए।

उद्घाटन सत्रपछिको सत्रमा विज्ञापन क्षेत्रसँग सम्बन्धित विभिन्न चार विषयका कार्यपत्र प्रस्तुत गरिने बोर्डले जनाएको छ।

### जाडोमा बालबालिका ...

झाडापखाला नै रहेको बताउँछन्। उनी रोटा भाइरसको सङ्क्रमणले झाडापखाला लागे चार/पाँच दिनमैं सन्चो हुने उल्लेख गर्छन्।

**खोपले सङ्क्रमण कम हुने**

सरकारले रोटा भाइरसको सङ्क्रमणविरुद्ध 'रोटा रिक्स' नामक खोप बालबालिकालाई दिने गरेको छ। उक्त औषधि बालबालिकालाई मुखबाट दुई थोपा खुवाउने गरिन्छ। सरकारले राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत गत वर्षदेखि निशुल्करूपमा उक्त खोप वितरण गर्दै आइरहेको छ। खोप जन्मेको छ हप्ता र १० हप्ता गरी शिशुमा दुईपटक खुवाउने गरिन्छ।

निर्देशक डा बसौला रोटा रिक्स खोप दिन थालेपछि बालबालिकामा रोटा भाइरसको सङ्क्रमण कम हुने गरेको बताउँछन्। "जाडोयाममा पहिले दैनिक पाँचजनासम्म यस्ता सङ्क्रमणका आउने बिरामी अहिले एक/दुई जना मात्र आउने गरेका छन्," उनी भन्छन्, "खोपको प्रभावकारिताले रोटा भाइरसका कारण हुने झाडापखाला कम भएको छ।"

अहिले खोपको कारणले फाट्टफट्ट मात्र नै उपचार गर्न आउने गरेको डा अमात्यको भनाइ छ। खोपको कारणले अहिले यो वर्ष यस्तो सङ्क्रमणले हुने पखाला घटेको पाइएको उनी उल्लेख गर्छन्।

**लक्षण**

रोटा भाइरसको सङ्क्रमणले बालबालिकामा दिनमा तीन/चार पटक पाँच दिनसम्म पातलो दिसा आउने र बच्चा रुनेजस्ता लक्षण देखिन्छ।

यस्तै, पखालासँगै बान्ता हुने, ज्वरो आउने, खाना नरुच्ने र बेहोश हुनेजस्ता पनि समस्या देखिने गर्छ। यस्तो लक्षण देखिनासाथ बालबालिकालाई स्वास्थ्य संस्थामा लैजानुपर्छ। भाइरसको सङ्क्रमण बालबालिकालाई छिटै हुने भएकाले समयमैं उपचार नगरिए थप जटिल समस्या देखिने गर्दछ।

**बच्ने उपाय**

रोटा भाइरसबाट बच्न सरसफाइमा ध्यान दिनुपर्ने, घरमैं झोल खानेकुराका साथै आमाको दूध प्रशस्त मात्रामा खुवाउनुपर्छ। यस्तै, छ महीनासम्मको बच्चालाई सादा पानी र जीवनजलसँगै स्तनपान तथा छ महीनामाथिको बच्चा भए जीवनजल, दालको रस, गेंडागुडी, तरकारीको रस खुवाउनुपर्छ।

बच्चालाई समय–समयमा नुहाइदिने र सफा राखिराख्ने, बच्चाले लगाउने कपडा दैनिक फेर्ने, उमालेको पानी मात्रै खान दिने गर्नुपर्छ। बालबालिकालाई खानेकुरा खुवाउनुअघि राम्रोसँग साबुनपानीले हात धुनुपर्छ।

**श्री जनता माध्यमिक विद्यालय**
पर्सागढी नगरपालिका–३, पकडिया, बडनिहार, पर्सा

**शिक्षक आवश्यकता**

प्रथमपटक प्रकाशित मिति : २०७९/०९/२०

प्रस्तुत विषयमा यस विद्यालयमा रिक्त रहेको तपसिल अनुसार शिक्षक नियुक्ति गर्न मिति २०७९/०९/२० गतेको चनं ७८० को शिक्षा विकास तथा समन्वय एकाइ, वीरगंज, पर्साको पत्र अनुसार र विद्यालय व्यवस्थापन समितिको मिति २०७९/०९/२० गतेको निर्णय अनुसार निम्नानुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

**विज्ञापन नं ०१/२०७९/८०**
१. पद : शिक्षक (करार)
२. तह : मावि तृतीय श्रेणी (राहत दरबन्दी)
३. विषय : सामाजिक
४. सङ्ख्या : १ (एक) जना
५. करार अवधिः १ (एक) वर्ष
६. उमेर : १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको
७. शैक्षिक योग्यता : सामाजिक विषयमा स्नातक तह उत्तीर्ण वा सो सरह
८. आवेदन दस्तुर : १५००/– (एक हजार पाँच सय मात्र)
९. तबल स्केल : नेपाल सरकार तोकेले बमोजिम
१०. आवश्यक कागजातहरू : शैक्षिक योग्यताका प्रमाणपत्रहरू, चारित्रिक प्रमाणपत्र, लब्धाङ्कपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, मावि तहको अध्यापन अनुमतिपत्रका प्रतिलिपिहरू

**विज्ञापन नं ०२/२०७९/८०**
१. पद : शिक्षक (करार)
२. तह : प्रावि तृतीय श्रेणी (राहत दरबन्दी)
४. सङ्ख्या : १ (एक) जना
५. करार अवधि : १ (एक) वर्ष
६. उमेर : १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको
७. शैक्षिक योग्यता : आइएड वा सो सरह
८. आवेदन दस्तुर : १०५०–/ ( एक हजार पचास मात्र)
९. तबल स्केल : नेपाल सरकारले तोके बमोजिम
१०. आवश्यक कागजातहरू : शैक्षिक योग्यताका प्रमाणपत्रहरू, चारित्रिक प्रमाणपत्र, लब्धाङ्कपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, प्रावि तहको अध्यापन अनुमतिपत्रका प्रतिलिपिहरू

**विज्ञापन नं. ०३/२०७९/८०**
१. पद : शिक्षक (करार)
२. तह : प्रावि तृतीय श्रेणी (साधारण दरबन्दी)
४. सङ्ख्या : १ (एक) जना
५. करार अवधि : १ (एक) वर्ष
६. उमेर : १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको
७. शैक्षिक योग्यता : आइएड वा सो सरह
८. आवेदन दस्तुर : १०५०–/ ( एक हजार पचास मात्र)
९. तबल स्केल : नेपाल सरकारले तोके बमोजिम
१०. आवश्यक कागजातहरू : शैक्षिक योग्यताका प्रमाणपत्रहरू, चारित्रिक प्रमाणपत्र, लब्धाङ्कपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, प्रावि तहको अध्यापन अनुमतिपत्रका प्रतिलिपिहरू
११. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
१२. दरखास्त आइपुग्नुपर्ने अन्तिम मिति : २०७९/१०/०४
(१३) परीक्षा मिति : सम्पर्क मितिमा तोकिने

**सम्पर्क नम्बर : ९८४५५५३२६५ , ९८६५१९२६०५**

# वीउवासङ्घद्वारा प्रहरी उपरीक्षक शाहसँग छलफल

प्रस, वीरगंज, २१ पुस/

पर्साका प्रहरी उपरीक्षक कोमल शाहसँग वीरगंज उद्योग वाणिज्य सङ्घका पदाधिकारी, सदस्यहरूले बिहीवार भेटघाट तथा छलफल गरेका छन् ।



तस्वीरः सौजन्य

सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताले स्वागत गर्दै सङ्घको ऐतिहासिक पृष्ठभूमि र यस क्षेत्रका औद्योगिक, व्यापारिक महत्त्व तथा उपादेयताका बारे प्रकाश पारेका थिए ।

अध्यक्ष गुप्ताले खुला सीमा अवसर र चुनौती दुवै भएकाले शान्ति सुरक्षा, तस्करी नियन्त्रणमा प्रहरीले सघन भूमिका निर्वाह गर्नुपर्ने भन्दै प्रउ शाहको ध्यानाकर्षण गराए । उनले सङ्घको सक्रियतामा सञ्चालित सिसिटिभी परियोजनाको व्यवस्थापन र विस्तारमा सहकार्य गर्न प्रउ शाहलाई अवगत गराउँदै औद्योगिक सुरक्षा बलको पुनर्स्थापनामा सबैको सहकार्य अपरिहार्य भएको बताए ।

प्रउ शाहले आफ्नो कार्यकालमा सक्रियतापूर्वक कार्यसम्पादन गर्नेतर्फ प्रयत्नशील रहने बताए । उनले अवैध व्यापार निरुत्साहित तथा चोरी निकासी पैठारीलाई नियन्त्रण गर्ने बताए ।

कार्यक्रममा वीउवासङ्घका पूर्वअध्यक्ष अशोककुमार बैद, अशोक टेमानी, गोपाल केडिया, वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्षद्वय हरि गौतम र माधव राजपाल, महासचिव मनोजकुमार दास, सचिव आशिष लाठ, सहकोषाध्यक्ष प्रेमचन्द्र गोयल, सहसचिव अनोज रूँगटालगायतको सहभागिता थियो ।

# गरीब असहायलाई कम्बल वितरण

प्रस, वीरगंज, २१ पुस/

सामुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत बिहीवार सञ्जय साइँको ३५औं जन्मोत्सवको अवसरमा सञ्जय साइँ सेवा समिति र ग्रीन सिटी सामुदायिक सेवा केन्द्रको संयुक्त आयोजनामा कम्बल वितरण गरिएको छ ।

वीरगंज महानगर–१० आदर्शनगरस्थित ग्रीन सिटी सामुदायिक केन्द्रबाट ६० जना गरीब, दीनदुःखीलाई न्यानो कम्बल वितरण गरिएको ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतानले बताए । पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालको प्रमुख आतिथ्यमा कम्बल वितरण गरिएको थियो ।



ग्रीन सिटीमा ६० थान र अन्य स्थानमा १४० थान गरी दुई सय थान कम्बल वितरण गरिएको सञ्जय साइँ सेवाकी लक्ष्मी पोखरेलले बताइन् । यसैगरी, ग्रीन सिटीका कोषाध्यक्ष ज्योति रूँगटाको सहयोगमा दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले सडकमा स्पीड ब्रेकर लगाइएको अध्यक्ष खेतानले बताए ।

कार्यक्रममा सहायक प्रजिअ भीमकान्त पौडेल, प्रहरी उपरीक्षक कोमल शाह, प्रहरी नायब उपरीक्षक दीपक गिरी, प्रनि विशाल मल्ल, दीपकबहादुर राना, दीपक पोखरेल, गौरी पोखरेल, युवा समाजका अध्यक्ष कमल चौगाई, वुमन क्रिएसनकी नूतन सरावगी, प्रिया सिंहलगायतको सहभागिता थियो ।

## एचआइभी सङ्क्रमित ...

भइसकेको हुँदा उपचार विधिमा आउन आग्रह गरे ।

कार्यक्रममा सहयात्री समाजले पर्सामा विभिन्न संस्थाहरू यो क्षेत्रमा कार्यरत रहे पनि यकीन तथ्याङ्क सार्वजनिक गर्न समस्या भएको बताएको छ । यकीन तथ्याङ्क नभए पनि करीब सङ्क्रमित दर पाँच प्रतिशतले बढेको बताएको छ ।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## नेपाल टी-२० लिगः जनकपुरले पोखरालाई हरायो

काठमाडौं, २१ पुस/रासस

राजधानीमा जारी पहिलो संस्करणको नेपाल टी–२० क्रिकेट लिग प्रतियोगितामा जनकपुर रोयल्स विजयी भएको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा जनकपुर, पोखरा एभेन्जर्सलाई छ विकेटले पराजित गर्दै विजयी भएको हो । जीतसँगै जनकपुर अङ्कतालिकाको दोस्रो स्थानमा रहँदै प्लेअफमा पुग्यो । नौ खेलमध्ये छमा जीत तथा



तस्वीरः सौजन्य

तीन खेलमा हार बेहोरेको जनकपुरले १२ अङ्क जोड्दै अङ्कतालिकाको दोस्रो स्थानमा रहेर प्लेअफमा पुगेको हो ।

प्रतियोगितमा लुम्बिनी अल स्टार पनि यसअघि नै प्लेअफमा पुगिसकेको छ । समान नौ खेल खेलेको लुम्बिनीले आठ खेलमा जीत र एक खेलमा हार बेहोरे पनि १६ अङ्क जोड्दै अङ्कतालिकाको शीर्ष स्थानमा पुगेको छ ।

आजको खेलमा पोखराले जनकपुरलाई जीतका लागि ६९ रनको चुनौती दिएको थियो । जवाफमा जनकपुरले नौ ओभरमा चार विकेट गुमाउँदै ७० रन बनायो । जनकपुरको जीतमा सर्फुद्दीन अशरफले सर्वाधिक ३७ रनको योगदान दिए भने ट्रभोन ग्रिफीथले १७ रन जोडे । त्यस्तै, पवन सरार्फले चार रन जोडे भने राजेश पुलामी र असन प्रियरञ्जनले समान एक/एक रन जोडे । बलिङतर्फ पोखराका कुशल मल्लले तीन विकेट लिए भने असिथा फर्नान्डोले एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको पोखरा १२ ओभरमा सबै विकेट गुमाउँदै ६८ रनमा समेटियो ।

पोखराका लागि सिद्धान्त लोहनीले सर्वाधिक १७ रन बनाए भने आशिफ शेख र कुशल मल्लले समान १६/१६ रन जोडे । त्यसबाहेक अन्य ब्याट्सम्यानले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

पोखरालाई कम योगफलमा समेट्ने क्रममा जनकपुरका सोमपाल कामी एक्लैले तीन विकेट लिए भने ललित राजवंशी र सर्फुद्दीन अशरफले समान दुई/दुई विकेट लिए । त्यस्तै, पवन सर्राफ, ट्रभोन ग्रिफिथ र जीतेन्द्र मुखियाले समान एक/एक विकेट झारे । यससँगै नौ खेल खेलेको पोखराले तीनमा जीत तथा छ खेलमा हार बेहोर्‍यो । छ अङ्क बटुलेको पोखरा अङ्कतालिकाको पाँचौं स्थानमा छ । रासस

# फोहरको उचित व्यवस्थापन नहुँदा दुर्गन्ध

सर्लाही, २१ पुस/रासस

सर्लाहीको लालबन्दी नगरपालिकाभित्र उत्पादन भएको फोहर उचित व्यवस्थापन नगर्दा जतातत‌ै दुर्गन्ध फैलिएको छ । स्थानीय सरकार स्वायत्त शासन सञ्चालन ऐन अनुसार स्थानीय सरकारले फोहर व्यवस्थापन गर्न डम्पिङ नभई ल्यान्डफिल साइट बनाउनुपर्ने भएपनि नगरपालिकाले कालीन्जोर खोला किनारमा लगेर फोहर थुपारी आगो लगाउँदा स्थानीयलाई असर गरेको सुनीलकुमार साहले बताए ।

ग्रीन एन्ड क्लिन सिटी सर्भिस प्रालि, लालबन्दीले बजारमा उत्पादन भएको फोहर उठाएर नगरपालिकाले तोकेको क्षेत्रमा फाल्छ ।

खुला स्थानमा लगेर फालिएको फोहर जङ्गली जनावरका साथै चराचुरुङ्गीले टिपेर र हावाले उडाएर अन्यन्त्र लैजाने गरेको अर्का स्थानीय राजन पोखरेलले बताए । उनका अनुसार फोहर थुपारेपछि आगो लगाउनाले बजारलाई असर पुग्छ । सात वर्ष पहिला नै नगरपालिकाले ल्यान्डफिल साइटको रूपमा कालीन्जोर नदी किनारको भाग बनाएको र आफूले त्यही लगेर फोहर फाल्ने गरेको ठेकेदार कम्पनी ग्रीन एन्ड क्लिन सिटी सर्भिस प्रालि, लालबन्दीका सञ्चालक माधव बरालले बताए ।

नदी किनारमा फोहर डम्पिङ गर्ने र चार/पाँच दिनमा फोहरलाई आगो लगाउने गरिन्छ । त्यतिञ्जेल फोहोर यत्रतत्र पुग्ने गर्दा सो क्षेत्र दुर्गन्धित भएको स्थानीय उमाशङ्कर साहले बताए । नगरपालिकाले विशुद्ध परम्परागतरूपमा फोहरलाई व्यवस्थापन गर्ने गरेको छ । अबको पहिलो चरणमा फोहरलाई खाल्डो बनाएर पुर्ने काम गर्ने र बिस्तारै ल्यान्डफिल साइट निर्माण गरी सोही स्थानमा फोहर व्यवस्थापन गर्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तारानाथ लुइँटेलले बताए । उनले तत्काल कुनै व्यवस्थापन गर्न सक्ने अवस्था नरहे पनि आज लगेको फोहर आजै खाल्डो बनाएर पुर्ने काम हुने बताए । अहिले वातावरणसमेत प्रदूषित भएको छ । कतिपयले आफूखुशी फोहर फ्याँक्ने काम गर्दा फोहर जतातत‌ै देखिन्छ ।

# कन्टेनरबाट अवैद्य घरेलु मदिरा बरामद

प्रस, वीरगंज, २१ पुस/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिहीवार अवैद्य घरेलु मदिरा बरामद गरेको छ ।


कन्टेनरबाट बरामद मदिरा । तस्वीर सौजन्यः जिप्रका, पर्सा

वीरगंज महानगर–२ मा रहेको इनरबाइपास सडकको खुला चौरमा ना.६ख ७२६ नंको कन्टेनर ट्रकमा रहेको ३९० लिटर घरेलु मदिरा बरामद भएको जिप्रका, पर्साले जनाएको छ । सो कन्टेनर ट्रकमा एक करोड साढे १४ लाखको औषधि पनि बरामद भएको प्रहरीले जनाएको छ ।

कन्टेनर ट्रकका चालक वीरगंज महानगर–३० प्रसौतीपुरका २८ वर्षीय चालक सद्दाम हुसेन पक्राउ परेको र उनीबाट बरामद भन्सार प्रज्ञापन अनुसार बरामद औषधि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आयात भएको र सोको मूल्य एक करोड साढे १४ लाख देखिएको प्रहरीले जानकारी गराएको छ ।

बरामद घरेलु मदिरा, औषधि आवश्यक कारबाहीको लागि आन्तरिक राजस्व कार्यालय, वीरगंजमा चलान गरिएको पर्सा प्रहरीले जनाएको छ ।

# फरार सूचीका नौजना पक्राउ

प्रस, रौतहट २१ पुस/

प्रहरीको फरार सूचीमा रहेका नौजनालाई रौतहट प्रहरीले पक्राउ गरी अदालतमा हाजिर गराएको छ ।


तस्वीरः प्रतीक

अदालतको फैसला कार्यान्वयन गर्ने अभियान अन्तर्गत कैद सजाय र जरिवाना भएपछि फरार रहेका नौजनालाई प्रहरीले पक्राउ गरी अदालतमा पेश गरेको जिप्रका, रौतहटले जनाएको छ ।

राजपुर नगरपालिका–१ पिपरा भगवानपुरका ४२ वर्षीय लालबाबूराय यादव, सोही ठाउँका ६० वर्षीय रामजी साह, ४८ वर्षीय रामबाबूराय यादव, ७० वर्षीय असरफ ठाकुर लोहार, ६० वर्षीय धनइसाह तेली, ५१ वर्षीय शेख वसी अख्तर, ६० वर्षीय सफादत हजाम, ७५ वर्षीय शेख शहीद र राजदेवी नपा–२ बस्ने ४० वर्षीय उदयप्रकाश महतो पक्राउ परेको र उनीहरूलाई अदालतमा हाजिर गराइएको जिप्रका, रौतहटका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक सुनील मल्लले बताए ।

उनीहरूमाथि कुटपिट, लागूऔषध, सवारी ज्यान मुद्दामा अदालतबाट कैद सजाय भएको थियो ।


## धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरूको सङ्गतबाट टाढा रहौं ।
- धुम्रपानले तपाईं र परिवार सबैलाई असर पुर्‍याउँछ ।

त्यसैले,

**धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड